अहिंसाको शिक्षाले सबैमा करुणा र दयाभाव... पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक ३०२ • २०८२ साल चैत १८ गते बुधबार (1 April, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

### रविसंग महन्थ- प्रभुको भेट

## संविधान संशोधनप्रति मधेश केन्द्रित दल सकारात्मक

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले संविधान संशोधन कार्यदल गठन गरेको एक दिन नबित्दै राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछानेले एक्लाएक्लै जसपा नेपालका संरक्षकसमेत रहेका राष्ट्रियसभा सदस्य महन्थ ठाकुर र आमजनता पार्टीका अध्यक्ष प्रभु साहसंग भेटघाट गरेका छन् । उनीहरु सभापति लामिछानेको बुढानिलकण्ठस्थित निवासमा गएर भेटघाट गरेका छन् ।

जसपा नेपालका संरक्षक ठाकुरसंग सभापति लामिछानेको भेटघाट भएपछि प्रधानमन्त्री बालेन्द्र साहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठन भएको संविधान संशोधन कार्यदलप्रति जसपा नेपाल सकारात्मक देखिएको छ । संविधान जारी भएदेखि नै मधेश केन्द्रित दलहरूले अपूर्ण भएको भन्दै संविधान संशोधनको माग उठाउँदै आएका थिए ।

तर आफूहरुले उठाउँदै आएको संविधान संशोधनको बुँदामा छलफल हुने वा नहुने भन्ने कुरा सरकारमाथि निर्भर रहेको नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरीले प्रतिक्रिया दिए । नयाँ सरकारले संविधान संशोधनका लागि कार्यदल गठन गर्नु सकारात्मक रहेको उनले बताए ।

मधेश केन्द्रित दलहरू जनता समाजवादी पार्टी(जसपा) नेपाल, जनता समाजवादी पार्टी( जसपा), जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय मुक्ति पार्टी, आमजनता पार्टीलगायतले संविधान संशोधनलाई मुख्य एजेण्डा बनाएर आन्दोलन समेत गर्दै आएका थिए ।



जनमत पार्टीका महासचिव चन्दन सिंह पनि संविधान संशोधनका लागि सरकारले लिएको निर्णण स्वागतयोग्य रहेको बताए । तर संविधान संशोधन गर्दा सरकारले सर्वपक्षीय छलफल गर्नुपर्ने र कार्यदललाई समावेशी बनाउनुपर्नेमा उनको भनाइ छ ।

हरेक सरकारसंग सम्झौता गर्दा मधेश केन्द्रित दलहरूको मुख्य माग नै संविधान संशोधन हुने गरेको छ । तर हालसम्मका कुनै पनि सरकारले संविधान संशोधन गर्न सकेका छैनन् । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधनका लागि कार्यदल गठन गर्नुपर्छ भन्ने प्रस्ताव तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारमा प्रस्ताव लैजाँदा उनी सरकारबाटै बाहिरिनु परेको थियो ।

पछि तत्कालीन प्रधानमन्त्री ओली र तत्कालीन जसपा नेपालका अर्का अध्यक्ष महन्थ ठाकुरबीच पाँच सदस्ययीय संविधान संशोधन गर्ने कार्यदल गठन गर्ने सहमति नै भएको थियो । तर पछि ओली नेतृत्वको सरकार नै ढलेसंगै जसपा नेपाल पनि विभाजन भयो । २०८१ मा एमाले र कांग्रेसबीच गठबन्धन हुँदा भएको सम्झौतामा संविधान संशोधनलाई प्राथमिकतामा राखिएको थियो । यसका लागि तत्कालीन सरकारमा रहेका कांग्रेस र एमालेले विज्ञ सम्मिलित आन्तरिक अध्ययन कार्यदल नै बनाएको थियो ।

तर सरकारले संविधान संशोधनको विषयमा आफूहरूसंग कुनै सल्लाह नगरेको भन्दै मधेश केन्द्रित दलका शीर्षनेताहरु असन्तुष्ट बनेका थिए ।

करिब दुई तिहाइ बहुमत ल्याएर गठन भएको साह नेतृत्वको सरकारले संविधान संशोधनका लागि कार्यदल गठन गरेपछि मधेश केन्द्रित दलहरु हौंसिएका छन् । तर वर्तमान सरकारले संविधान संशोधनमा शासकीय स्वरुप र राज्यको पुनःसंरचनामाथि बढी जोड दिएको देखिन्छ ।

## घुस लिँदै कर्मचारी र सुरक्षाकर्मी पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । एकै दिनमा अलगअलग स्थानबाट घुस लिँदै गर्दा न्यायलयका एक कर्मचारी र एकजना सुरक्षाकर्मी पक्राउ परेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मंगलबार रौतहट जिल्ला अदालतका डिठ्ठा लबकुमार सिंहलाई ५० हजार रुपैयाँ घुससहित पक्राउ गरेको छ । त्यस्तै काठमाण्डुस्थित प्रहरी वृत्त मालिगाउँ वृत्तका प्रहरी नायब निरीक्षक (सई) २० हजार रुपैयाँ घुससहित पक्राउ परेका छन् ।

अख्तियारका अनुसार सिंहले अदालतको फैसला अनुसार दाखिला पुर्जी मिलाइ जग्गा फुकुवा गराइदिने क्रममा सेवाग्राहीसंग घुस रकम लिएको आरोप लागेको छ । सेवाग्राहीसंग गैरकानुनी रूपमा रकम लिँदै गरेको अवस्थामा उनलाई रंगेहात पक्राउ गरिएको अख्तियारले जनाइएको छ ।

सरकारी कार्यालयमा सेवाप्रवाहका क्रममा घुस लिने प्रवृत्तिविरुद्ध निगरानी कडा पारिएको अख्तियारले जनाएको छ ।

त्यस्तै सई दिनेश राउतले बैंकिङ कसुर सम्बन्धी मुद्दामा जाहेरवालाको रकम फिर्ता दिलाइ दिन सहजीकरण गरिदिने भन्दै २० हजार रुपैयाँ घुस लिएको आरोप छ ।

उनलाई काठमाण्डुस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको जनाएको छ । गहनापोखरीस्थित ग्रिन स्टार क्याफेबाट २० हजार घुससहित उनलाई रंगेहात पक्राउ गरिएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ ।

**कलवार कल्याण समिति (चौधरी समाज)**
जनकपुरधाम-७, धनुषा (मधेश प्रदेश)

***आमन्त्रण***

आदरणीय स्वजातीय बन्धु,
चौधरी कलवार समाजको संस्था कलवार कल्याण समिति जनकपुरधाम-७, धनुषाको **साधारण सभा** तथा **भवन समुद्घाटन समारोह** निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा चौधरी कलवार समाज चौरासीका क्षेत्रीय प्रमुख ज्यूहरु, गौंवारे माइनजन ज्यूहरु तथा स्वजाती महानुभावज्यूहरुलाई उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

यसै आमन्त्रणलाई आधारमानी उपस्थितिको लागि विनम्र अनुरोध गर्दछौं ।

मिति : २०८२/१२/२८ गते शनिवार
समय : विहान : ९:०० बजे
स्थान : **कलवार कल्याण समिति**
(चौधरी कलवार विवाह भवन)
नमस्कार चौक, जनकपुरधाम-७

**प्रमोद कुमार चौधरी**
महासचिव

**सुरेन्द्र प्रसाद चौधरी (मुन्ना)**
अध्यक्ष

**कलवार कल्याण समिति (चौधरी समाज)**
जनकपुरधाम-७, धनुषा (मधेश प्रदेश)

**घर/सटर भाडाको लागि खाली छ**

जनकपुरधामको व्यस्त लोकेसनमा व्यापार वा शोरुमका लागि उपयुक्त सटर खाली छ।




**स्थान:** जनकपुरधाम, बजरंग चोक नजिक (सिक्सलेन सडकसँगै जोडिएको)
**पार्किङ:** अगाडि र पछाडि दुवैतर्फ पर्याप्त पार्किङ सुविधा
**क्षेत्रफल:** २ कठ्ठा २ धुर जग्गामा फैलिएको
**विशेषता:** मुख्य सडकसँगै जोडिएको हुनाले बैंक, शोरुम, अफिस वा गोदामका लागि अत्यन्तै उपयुक्त ।
**सम्पर्कका लागि:** ९८१२१९९४११, ९८४४४२३७०८




जनकपुर ०४१-४२००२० । जलेश्वर ९८०७८०७१११ । महेन्द्रनगर ०४१-५४००५० । धनुषाधाम ९८०४८६००५८ । यदुकुवा ९८५४०२६०३३
वर्दिवास ९८०८९९४१६४ । लोहारपट्टी ९८०१६६९५६३ । लाहान ०३३-५६५०५३ । विरगंज ०५१-५२४८५७

# आगामी बजेटः

## ● सुरु भइसकेका योजना प्राथमिकतामा ● नयाँ योजनाको लाभ-लागत विश्लेषण अनिवार्य

काठमाण्डु । हाल काम सुरु भइसकेका तथा क्रमागत प्रकृतिका आयोजनालाई चाँडो सक्नेगरी पर्याप्त बजेट विनियोजन गर्ने र नयाँ योजना तथा कार्यक्रम प्रस्ताव गर्दा लाभ-लागत विश्लेषणसहित पूर्वतयारी गरिसकेर तत्काल कार्यान्वयनमा जान सक्नेलाई मात्रै बजेट प्रस्ताव गर्नेगरी मन्त्रालयहरुसँग प्रारम्भिक छलफल सुरु भएको छ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा प्रक्रियालाई थप अनुशासित, परिणाममुखी र यथार्थपरक बनाउने उद्देश्यले राष्ट्रिय योजना आयोगले बजेट तर्जुमा 'चेकलिस्ट' तयार पारेको हो। आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने योजना तथा कार्यक्रमबारे आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग छलफल गर्ने कार्यसूची रहेको आयोगका सहायक प्रवक्ता डा दिवाकर लुइँटेलले जानकारी दिनुभयो।

उहाँका अनुसार बुधबार वन तथा वातावरण मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र शहरी विकास मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल हुने छ।

बजेट तर्जुमाको प्रारम्भिक चरणअन्तर्गत यसअघि आयोगले सोमबार गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र आइतबार अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा प्रस्तावित योजना तथा कार्यक्रममाथि छलफल



गरिसकेको छ। आयोगका अनुसार विषयगत मन्त्रालय तथा निकायहरूले आगामी आर्थिक वर्षको बजेटका लागि विस्तृत आधारसहितका योजना तथा कार्यक्रम मात्रै प्रस्ताव गर्नुपर्नेछ। विशेषगरी कार्यान्वयनमा जान सक्ने तयारी पूरा भएका र तत्काल परिणाम दिन सक्ने आयोजनालाई बजेटमा समावेश गर्ने नीति लिइएको छ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षका लागि रुपान्तरणकारी बजेट ल्याउने बताउँदै आउनुभएको छ। सोही अनुसार अर्थ मन्त्रालयको समन्वयमा योजना आयोगले विषयगत मन्त्रालयहरुसँगको छलफलमा प्राथमिकता निर्धारण गरेर मात्रै योजना तथा कार्यक्रम प्रस्ताव गर्न भनेको हो। आयोगका अनुसार चालु आर्थिक वर्षमा सुरु भइसकेका तथा क्रमागत आयोजनालाई पर्याप्त बजेट विनियोजन गरी छिटो सम्पन्न गर्ने रणनीति अपनाइनेछ।

त्यसैगरी मन्त्रालयहरूले प्रस्ताव पेस गर्दा चालु आर्थिक वर्षका आयोजना तथा कार्यक्रमहरूको भौतिक र वित्तीय प्रगति विवरण अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ। कार्यान्वयनमा देखिएका समस्या र चुनौतीको विश्लेषणसमेत पेस गर्नुपर्ने प्रावधान 'चेकलिस्ट' मा राखिएको छ।

त्यसैगरी, आयोजना बैङ्कमा समावेश राष्ट्रिय गौरवका आयोजना तथा प्रमुख कार्यक्रमहरूको वर्तमान अवस्था पनि स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। यसले दीर्घकालीन महत्वका आयोजनाको प्रगति मूल्याङ्कनमा सहजीकरण गर्ने अपेक्षा गरिएको छ। सरकारले १६औँ योजनासँग बजेटको तालमेल मिलाउन पनि जोड दिएको छ। सोअनुसार, मन्त्रालयहरूले आगामी वर्षका लागि रूपान्तरणकारी रणनीति तथा कार्यान्वयन गर्नुपर्ने प्रमुख कार्यक्रम र आयोजना स्पष्ट रूपमा प्रस्ताव गर्नुपर्नेछ। अर्थ मन्त्रालयले उपलब्ध गराएको आगामी तीन आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) को बजेट सीमा र मध्यमकालीन खर्च संरचनाअनुसार मन्त्रालयहरूले स्रोत र खर्चको यथार्थपरक प्रक्षेपणसहित प्रस्ताव पेस गर्नुपर्नेछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रस्तावित आयोजनामा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (डिपिआर), डिजाइन, लागत अनुमान, जग्गा प्राप्ति अवस्था, कार्यान्वयन समयतालिका र खरिद योजना अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। साथै, आयोजनाबाट प्राप्त हुने अपेक्षित प्रतिफल पनि स्पष्ट गर्नुपर्ने व्यवस्था गरिएको छ।

राष्ट्रिय गौरवका आयोजना तथा बहुवर्षीय आयोजनाहरूमा गरिएको स्रोत सुनिश्चितताको विवरण पनि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ। यसले बजेट प्रतिबद्धताको पारदर्शिता बढाउने विश्वास गरिएको छ। सरकारले छिटो प्रतिफल दिने, निर्धारित समय र लागतमा सम्पन्न हुन सक्ने तथा आगामी आर्थिक वर्षमै सम्पन्न हुने आयोजनालाई विशेष प्राथमिकता दिने नीति लिएको छ।

कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकताका आधारमा वर्गीकरण गर्नुपर्नेछ। निरन्तरता दिनुपर्ने, पुनरावलोकन गर्नुपर्ने र खारेज गर्नुपर्ने आयोजनाको स्पष्ट सूचीसहित प्रस्ताव गर्नुपर्नेछ।

अधुरा तथा रुग्ण आयोजनाको विवरणसहित पुनर्संरचना वा पुनरावलोकन गर्नुपर्ने योजनाहरू पनि छुट्टै रूपमा प्रस्तुत गर्नुपर्नेछ। यसले लामो समयदेखि अलपत्र रहेका आयोजनाको व्यवस्थापनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। विगतमा सम्पन्न भइसकेका आयोजनाबाट सिर्जित वित्तीय दायित्वलाई बजेटमा समावेश गरिएको वा नगरिएको विषय पनि अनिवार्य रूपमा खुलाउनुपर्नेछ। आयोजना वर्गीकरणका आधार तथा मापदण्ड, २०८० अनुसार सङ्घबाट सञ्चालन हुनुपर्ने आयोजना मात्र प्रस्तावमा समावेश भए/नभएको पनि जाँच गरिनेछ।

अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटका लागि योजना तथा कार्यक्रम प्रस्ताव गर्न चैत १५ गतेसम्मको समय दिएको थियो। यो अवधिमा प्रस्तावित योजना तथा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस) मा प्रविष्ट गरिसक्नुपर्ने भनिए पनि नयाँ सरकारले बजेटका लागि पर्याप्त गृहकार्य गर्न नपाएका कारण त्यो समयसीमालाई बढाइएको अर्थ मन्त्रालयले जनाएको छ।

"हामीले चैत १५ भित्र प्रस्तावित योजना तथा कार्यक्रम एलएमबिआइएसमा प्रविष्ट गरिसक्न भनेका थियौँ। तर यसमा अर्थ मन्त्रालय केही लचक हुन्छ", आयोगका सहायक प्रवक्ता लुइँटेलले राससलाई भन्नुभयो। सत्तारूढ दलको चुनावी वाचापत्र, मन्त्रिपरिषद्को चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची, सुशासन मार्गचित्र, २०८२ मा राखिएका प्रावधानलाई लगायतका बजेटमा समेट्नका लागि पनि एलएमबिआइएसमा योजना तथा कार्यक्रम प्रस्ताव गर्ने समयसीमा थप गर्न आवश्यक रहेको अर्थ मन्त्रालयले जनाएको छ।रासस

# काठसहित दुई मोटरसाइकल नियन्त्रणमा

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको जंगल क्षेत्रमा अवैध काठ तस्करी नियन्त्रण गर्ने क्रममा काठसहित दुई मोटरसाइकल गस्ती टोलीले नियन्त्रणमा लिएको छ।

सबैया साझेदारी वन उपभोक्ता समूह र सबैया सब डिभिजन वन कार्यालयको संयुक्त गस्ती टोलीले हिजो साँझ नियमित गस्तीका क्रममा शंकास्पद गतिविधि देखेपछि जाँच गर्दा १४.३२ क्यु फिट परिमाणको ३ थान सालको काठ फेला पारेको हो।



काठ ओसारपसारमा प्रयोग गरिएका ना.१८प १३३७ नम्बरको होन्डा साइन र प्रदेश २-०३-००४प ६८६३ नम्बरको हिरो ग्ल्यामर मोटरसाइकलसमेत नियन्त्रणमा लिइएको जनाइएको छ। गस्ती टोलीलाई देखेपछि संलग्न व्यक्तिहरू काठ र मोटरसाइकल छाडेर फरार भएका थिए।

बरामद गरिएको काठ तथा सवारी साधन थप अनुसन्धान तथा कानुनी कारबाहीका लागि सबैया सब डिभिजन वन कार्यालयमा बुझाइएको छ।

वन ऐन २०७६ अनुसार वन क्षेत्रबाट अवैध रूपमा काठ कटान, संकलन, ओसारपसार तथा बिक्री वितरण गर्नु दण्डनीय अपराध हो। यस्तो कसुरमा संलग्नलाई जरिवाना, कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको जनाइएको छ।

सबैया साझेदारी वन उपभोक्ता समूहका उपाध्यक्ष असलम आलमका अनुसार घटनामा संलग्न फरार व्यक्तिहरूको खोजी कार्य भइरहेको छ।

साथै, वन संरक्षण तथा अवैध गतिविधि नियन्त्रणका लागि नियमित गस्तीलाई अझ प्रभावकारी बनाइने र स्थानीय बासिन्दालाई पनि सहकार्य गर्न आग्रह समेत गरेको छ।

## भूतपूर्व सैनिक सम्मेलन आयोजना

**टुडे समाचारदाता**

लहान। सिरहामा भूतपूर्व सैनिकहरूको हकहित संरक्षण, कल्याण प्रवर्द्धन तथा आपसी एकता सुदृढ गर्ने उद्देश्यले 'भूतपूर्व सैनिक सम्मेलन-२०८२' आयोजना गरिने भएको छ।

आयोजकका अनुसार सम्मेलनमा सम्पूर्ण भूतपूर्व सैनिक, एकल महिलाहरू तथा उनीहरूका पारिवारिक सदस्यहरूलाई सहभागी हुन आह्वान गरिएको छ भने कार्यक्रम आगामी २०८३ साल बैशाख ३ गते बिहान श्री नन्दबक्स गण चोहर्वा ब्यारेकमा सञ्चालन गरिनेछ।

सम्मेलनमा सहभागी हुन इच्छुक व्यक्तिहरूले नेपाली सेनाको आधिकारिक वेबसाइटमार्फत अनलाइन दर्ता गर्न सक्नेछन्। साथै, कार्यक्रमकै दिन स्थलमै उपस्थित भई पनि दर्ता गर्न सकिने व्यवस्था मिलाइएको आयोजकले जनाएको छ।

कार्यक्रम सम्बन्धी थप जानकारीका लागि ०३३-४०१०५० र ९८४०९३९०५३ नम्बरमा सम्पर्क गर्न सकिनेछ। आयोजकले सरोकारवाला सबै पक्षको सक्रिय सहभागिताले सम्मेलनलाई थप प्रभावकारी र सफल बनाउने विश्वास व्यक्त गरेको छ।

# होटलमा युवती मृत भेटिए




**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरस्थित जुनतारा नामक स्टाफ होटलबाट एक युवती मृत अवस्थामा फेला परेकी छन्। घटनापछि होटल सञ्चालकसहित कर्मचारीहरु फरार भएका छन्।

ढल्केबरस्थित 'जुन तारा स्टाप लाइन होटल'मा मंगलबार बिहान करिब ११:३० बजे पोखरा महानगरपालिका-१३ मियापाटीकी २३ वर्षीया जेनिसा विक मृत अवस्थामा भेटिएको धनुषा प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार युवतीको शव मुखबाट फिज निस्किएको अवस्थामा फेला परेको हो। प्रारम्भिक निरीक्षणमा शरीरका अन्य भागमा कुनै चोटपटक नदेखिएको उनले जानकारी दिए।

घटनापछि होटल सञ्चालक रामपुकार साह तथा त्यहाँ कार्यरत अन्य कर्मचारी सम्पर्कविहीन भएका छन्। उनीहरूको खोजी कार्य तीव्र बनाइएको प्रहरीले जनाएको छ। प्रहरीले घटनास्थलमा आवश्यक प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पताल पठाएको छ भने घटनाको कारण खुल्न नसकेको र यसबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

# अहिंसाको शिक्षाले सबैमा करुणा र दयाभाव राख्न प्रेरित गर्छः उपराष्ट्रपति

काठमाण्डु। उपराष्ट्रपति रामसहायप्रसाद यादवले जैन धर्मका २४औँ तीर्थकर भगवान् महावीरको जयन्तीको पावन अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण जैन धर्मावलम्बीमा सुख, शान्ति, समृद्धि र आध्यात्मिक उन्नतिका लागि शुभकामना दिनुभएको छ।



महावीरको मंगलबार दुई हजार ६२५औँ जयन्ती विभिन्न कार्यक्रमका साथ मनाइँदैछ। जैन धर्मावलम्बीले यस पर्वलाई महत्वपूर्ण चाडका रुपमा मनाउने गर्दछन्। "महावीरको जीवन दर्शन मानव सभ्यताको अमूल्य धरोहर हो। उहाँले प्रतिपादन गर्नुभएको अहिंसा, सत्य, अपरिग्रह, अनेकान्तवाद र ब्रह्मचर्यजस्ता सिद्धान्तले समाजलाई नैतिकता, करुणा र सहिष्णुताको मार्गमा अघि बढ्न प्रेरित गर्दछ", उपराष्ट्रपतिले सन्देशमा भन्नुभएको छ।

> "महावीरको जीवन दर्शन मानव सभ्यताको अमूल्य धरोहर हो। उहाँले प्रतिपादन गर्नुभएको अहिंसा, सत्य, अपरिग्रह, अनेकान्तवाद र ब्रह्मचर्यजस्ता सिद्धान्तले समाजलाई नैतिकता, करुणा र सहिष्णुताको मार्गमा अघि बढ्न प्रेरित गर्दछ"

महावीरले दिनुभएको अहिंसाको शिक्षाले सबै प्राणीप्रति करुणा र दयाभाव राख्न सिकाउने र सत्यको पालानले इमानदारी र नैतिकताको मार्गमा दृढ रहन उत्प्रेरित गर्ने उपराष्ट्रपतिको कथन छ।

लोभ-लालचबाट मुक्त भई सन्तोषपूर्ण जीवन जिउन प्रेरणा महावीरको विचारले दिने उल्लेख गर्दै उपराष्ट्रपतिले अनेकान्तवादले विभिन्न दृष्टिकोणलाई सम्मान गर्दै सहिष्णुता र सामाजिक सद्भावलाई बलियो बनाउने स्पष्ट पार्नुभएको छ। ब्रह्मचर्यले आत्मसंयम र आध्यात्मिक उन्नतिको बाटो देखाउने र यी सबै सिद्धान्तहरु आजको समाजमा उत्तिकै सान्दर्भिक रहेको उपराष्ट्रपतिको भनाइ छ।

"महावीर जयन्ती धार्मिक अनुष्ठान मात्र होइन, सांस्कृतिक उत्सव पनि हो। यस अवसरमा हुने पूजा-अर्चना, शोभायात्रा, भक्ति सङ्गीत र सामूहिक प्रार्थनाले समाजमा एकता, मेलमिलाप र भाइचाराको सन्देश फैलाउँछ। यसले हामीलाई आत्मचिन्तन गर्न, कर्म शुद्धीकरण गर्न र समाज तथा राष्ट्रको हितमा योगदान दिन प्रेरित गर्दछ", उपराष्ट्रपतिले सन्देशमा भन्नुभएको छ।

भगवान् महावीरले 'बाँच र बाँच्न देऊ' भन्ने अमूल्य सन्देश दिनुभएको स्पष्ट पार्दै उपराष्ट्रपतिले जीवनका विभिन्न आदर्शहरुलाई सरल उदाहरणसहित प्रस्तुत गर्दै मानवलाई सत्य, सदाचार र तपस्याको मार्गमा अघि बढ्न प्रेरित गर्नुभएको पुष्ट पार्नुभएको छ। महावीरको उपदेशले क्रोधलाई शान्तिले, असत्यलाई सत्यले र दुष्टतालाई सद्गुणले पराजित गर्न सकिन्छ भन्ने अमर शिक्षा दिने सन्देशमा उल्लेख गर्नुभएको छ।

महावीरले देखाएको सत्मार्गलाई आत्मसात् गर्दै सुखी, शान्तिपूर्ण र समृद्ध समाज निर्माणमा योगदान पुर्‍याउने सङ्कल्प लिन सक्नुपर्नेमा जोड दिँदै उपराष्ट्रपतिले यस जयन्तीले हरेक नेपालीलाई नैतिकता, सहिष्णुता र मानवतावादी मूल्यको मार्गदर्शन प्रदान गरोस्, पुनःशुभकामना व्यक्त गर्नुभएको छ।रासस

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वडा नं. ८, नमुना बस्तीको गल्लीमा घरको अगाडि Parking गरिराखेको अवस्थाबाट मिति २०८२/१२/१५ गते करिब साँझ ७:३० बजे म.प्र. ०२-००९ प ०६७६ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXCSA17291 चेचिस नम्बर MD2A13EX2SCA82448 को बजाज कम्पनीको Pulser 220 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः सुभाष चन्द्र मुखिया**
**ठेगानाः मिथिला बिहारी न.पा.-५, धनुषा**
**मो. नं. ९८१५८२६४९१**

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | कार्यक्षेत्रमा तपाईको सक्रियता देखेर अरु प्रभावित हुन सक्छन्। |
| वृष : | काममा केही ढिलाइ वा अवरोध आउन सक्छ, तर निराश नहुनुहोस्। |
| मिथुन : | काममा प्रगति हुनेछ र नयाँ अवसरहरु देखा पर्न सक्छन्। |
| कर्कट : | मन अलि अस्थिर हुन सक्छ र पुराना कुरा सम्झेर चिन्ता बढ्न सक्छ। |
| सिंह : | तपाईको निर्णयले अरुलाई प्रभाव पार्न सक्छ। |
| कन्या : | योजना बनाएर काम गर्दा सफलता नजिक हुनेछ। |
| तुला : | परिवार र साथीभाइसंग राम्रो सम्बन्ध बन्नेछ। |
| वृश्चिक : | भावनात्मक रुपमा संवेदनशील दिन हुन सक्छ। |
| धनु : | आजा यात्रा वा नयाँ अनुभवको अवसर मिल्न सक्छ। |
| मकर : | काममा स्थिरता आउनेछ। |
| कुम्भः | तपाईको सोच र सिर्जनात्मकता बढ्नेछ। |
| मीनः | आध्यात्मिक वा धार्मिक काममा रुचि बढ्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मध्यपूर्वी एसिया र खाडीका मूलुकमा कार्यरत नेपाली श्रमिकको अवस्था बारे श्रम काउन्सेलर र श्रम सहचारीहरुसँग मंगलबार छलफल गरिएको छ। *तस्विर : टुडे*

# स्वास्थ्य मन्त्रालयद्वारा १४ जना चिकित्सकको काज फिर्ता

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले १४ जना चिकित्सकको काज फिर्ता गरेको छ।

मन्त्रालयले डडेलधुरा अस्पताल, नारायणी अस्पताल वीरगञ्ज र गजेन्द्रनारायण सिंह अस्पताल सप्तरीमा दरबन्दी रहेका तर अयन्त्र काज गरिरहेका १४ जना चिकित्सकको काज फिर्ता गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो। उहाँका अनुसार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताले मन्त्रिस्तरीय निर्णय गर्दै पहिलो चरणमा नवौं र दशौं तहका १४ जना विशेषज्ञ चिकित्सकलाई उनीहरूको दरबन्दी रहेको अस्पतालमा फिर्ता पठाउनुभएको हो । डडेलधुरा अस्पतालमा चार जना, नारायणी अस्पताल वीरगञ्जमा पाँच जना र गजेन्द्रनारायण सिंह अस्पताल राजविराज सप्तरीमा पाँच जना




विशेषज्ञ चिकित्सक फिर्ता भएका छन्।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा डा रोहिता बज्राचार्य, डा जोसनलाल बज्राचार्य, डा विशालकुमार देव, डा प्रकाश ढकाल र डा सुशील समदर्शी काज फिर्ता गरिएको छ। यस्तै, डडेल्धुरा अस्पतालमा डा सन्तोषकुमार गुप्ता, डा मिसन्ता शर्मा, डा नवीनचन्द्र भट्ट, डा सुयोग्य वाग्ले तथा नारायणी अस्पताल वीरगञ्जमा डा सोनीका धरी श्रेष्ठ, डा सञ्जोग तिमिल्सिना, डा अरुण ज्ञवाली, डा मुकेश पौडेल र डा दिपेश भट्टराईको काज फिर्ता गरिएको छ।रासस

# 'जुन आमाको कोखबाट जन्मिए उनैको थरबाट नागरिकता चाहन्छु'

काठमाण्डु। "बाउ विदेशी भए पनि म नेपाली आमाको कोखबाट जन्मिए। यही देशमा बस्दै आएको छु, तर आमाको नामबाट नागरिकता लिन राज्यसँग सङ्घर्ष गरिरहेको छु। जुन आमाको कोखबाट जन्मिए उहाँकै नामबाट नागरिकता पाउँ भनेर २१ वर्षको उमेरदेखि सङ्घर्षरत छु। ३६ वर्षको हुँदासम्म नागरिकताविहीन नै छु", स्याङ्जाका सुरज आचार्यले भन्नुभयो।

उहाँले अनागरिक हुँदा मानसिक, शारीरिक र सामाजिक पीडा भोग्नुका साथै भविष्य निर्माणको आधार पनि कुण्ठित भइरहेको गुनासो गर्नुभयो। काठमाडौँको एक कार्यक्रममा आचार्यले आमाको नामबाट नागरिकता पाउनुपर्ने प्रावधान सहज र सरल नहुँदा निकै कष्ट भोग्नुपरेको बताउनुभयो।

"मेरा साथी डाक्टर, इञ्जिनियर भए, पेसा र पहिचानसहित अगाडि




बढे, तर मैले नागरिकता नभएकै कारण पढाइ पूरा गर्न सकिन, न त व्यवसाय गर्न पाए", उहाँले भन्नुभयो, "नेपाली आमाको कोखमा जन्मिनु मेरो के गल्ती थियो र ! मलाई राज्यले कहिले दिन्छ नागरिकता ? जवाफ खोजीरहेको छु।"

आचार्यका अनुसार उहाँकी आमा नेपाली र बुबा भारतबाट आएर यही बसिरहनुभएको छ। आफूले आमाको नामबाट वंशजका आधारमा नागरिकता पाउन निकै सङ्घर्ष गर्नुपरेको र हालसम्म सफल हुन नसकेको पीडा सुनाउनुभयो।

यस्तै, काभ्रेकी कविता कार्की (नाम परिवर्तन) ले छोरोको नागरिकता बनाउन पटक-पटक अपहेलना सहनुपरेको छ। बुबाको अवस्था पत्ता नलागेकाले आमाको नामबाट नागरिकता दिलाउन आफूले चार वर्ष सङ्घर्ष गर्नुपरेको बताउनुभयो। "छोराले नागरिकता नपाउने मात्रै होइन, जिल्ला प्रशासनदेखि वडासम्मका कर्मचारीले चरित्र र आत्मसम्मानमा ठेस् पुग्ने खालका अनेक प्रश्न सोध्छन्। यसले थप पीडा दिन्छ", कार्कीले भन्नुभयो, "नागरिकताका लागि आवश्यक कागजात जुटाउन चार वर्ष लाग्यो। सहायक सिडियोले नै बाउ नै थाहा नपाउने कस्तो आमा भनेर तल्लोस्तरमा पुगेर जवाफसमेत दिए।"

सिटिजन इफेक्टस् नेटवर्कका अध्यक्ष दिप्ती गुरुङले छोरालाई नागरिकता दिलाउने सङ्घर्षमा आफूलाई साथ दिएको उहाँले बताउनुभयो। अध्यक्ष गुरुङका अनुसार आमाको नामबाट नागरिकता दिने कानुन भए पनि पितृसत्तात्मक सोचका कारण विभेद् र अपमान गरिएको छ। आफ्नो संस्थाले नेपालमा नागरिकता कानुन कार्यान्वयनसम्बन्धी एक अध्ययन प्रतिवेदनले नागरिकतामै लैङ्गिक विभेद हुने गरेको देखिएको उहाँले बताउनुभयो।

"आमाले धेरै सर्त र प्रक्रियाको सामना गर्नुपर्ने बाध्यता छ, बुबा भएमा त्यति धेरै चुनौतीको सामना गर्नुपर्दैन", अध्यक्ष गुरुङले भन्नुभयो, "जुन आमाले सन्तान जन्माउँछ उसले पहिचानको नालीबेली खोल्नुपर्छ, बुबाले भने कुनै प्रक्रियागत उल्झन झेल्नुपर्दैन। यसले लैङ्गिक विभेद प्रष्ट गर्छ।"

माइती नेपालका अधिवक्ता उमा तामाङले महिलाले वंशजका आधारमा नागरिकता प्राप्त गर्ने प्रक्रिया झन्झटिलो रहेको बताउनुभयो। नागरिकताको चक्रले महिला विभेदको चरम चरण भोग्नुपरेको उहाँको भनाइ छ। माइतीले नागरिकता नदिएपछि बिहे गर्नुभएकी एक महिलाको घटना साझा गर्दै तामाङले भन्नुभयो, "ती महिलाले नागरिकताकै लागि चार वटासम्म बिहे गर्नुभयो, तर, कसैले पनि नागरिकता दिन मानेनन्।"

हाल विश्वका १९५ मध्ये १७२ अर्थात् करिब ८८ प्रतिशत देशको नागरिकता कानुनमा लैङ्गिक समानता सुनिश्चित गरिसकेको अवस्था छ। नेपालमा भने अझै पनि केही कानुनी र व्यावहारिक अवरोध कायम रहेकाले नागरिकताकै लागि सङ्घर्ष गर्नु परिरहेको अधिवक्ता नेहा गुरुङले बताउनुभयो।

मंगलबार यहाँ आमाको नामबाट नागरिकता प्राप्तिको विषयमा विद्यमान कानुनी व्यवस्था, चुनौती र संविधान संशोधनबारे राष्ट्रिय संवाद कार्यक्रममा आयोजना गरिएको थियो। उक्त संवादमा धेरैजसोले आमाको नामबाट नागरिकता प्राप्त गर्ने प्रावधानको व्यवस्था सर्तपूर्ण, झन्झटपूर्ण, अपमानजनक हुँदा नागरिकले पीडा भोग्नुपरेको उल्लेख गरे।

नेपालसहित विश्वका करिब २४ देशमा मात्र आमाले आफ्नो सन्तानलाई नागरिकता प्रदान गर्दा लैङ्गिक विभेदकारी कानुनी व्यवस्था भोग्नुपरेको त्यस अवसरमा उल्लेख गरियो। अधिवक्ता प्रसन्ना निर्मल अर्यालले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रमध्ये करिब ८८ प्रतिशत देशले आफ्ना नागरिकता कानुनमा लैङ्गिक समानता सुनिश्चित गरिसकेकाले नेपालले पनि त्यसलाई आत्मसात गर्नुपर्नेमा जोड दिनुभयो। रासस

# शासकीय सुधारका कार्यसूची

एक महिनाभित्र बन्नेछन् यी समिति, कार्यदल र अध्ययन टोली


काठमाण्डु । सरकारको कार्यसम्पादनलाई नतिजामुखी, प्रभावकारी, मापनयोग्य र जवाफदेही बनाउन मन्त्रिपरिषद् बाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची कार्यान्वयनका क्रममा एक महिनाभित्र विभिन्न समिति, कार्यदल र अध्ययन टोली गठन हुँदैछन्।

उक्त कार्यसूचीको बुँदा नं ७ मा गत भदौ २४ गते भएका घटनाको सत्यतथ्य छानबिन गर्न एक हप्ताभित्र एक उच्चस्तरीय छानबिन समिति गठन गरिने उल्लेख छ। उक्त समितिलाई घटनासम्बन्धी सम्पूर्ण विवरण सङ्कलन, विश्लेषण तथा जिम्मेवार पक्ष पहिचान गरी निश्चित समयसीमाभित्र प्रतिवेदन पेस गर्न कार्यादेश दिने तथा समितिको सिफारिसका आधारमा आवश्यक थप कारबाही प्रक्रिया अघि बढाउने सरकारको तयारी छ।

भ्रष्टाचार गर्ने, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहनेगरी १५ दिनभित्र अधिकारसम्पन्न सम्पत्ति छानबिन समिति गठन गर्ने विषय कार्यसूचीमा समेटिएको छ।

उक्त समितिमा कानुन, अर्थ, राजस्व तथा अनुसन्धान क्षेत्रका विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधि रहनेछन्। सोका लागि आवश्यक कानुनी तथा प्राविधिक संयन्त्र विकास गरी सम्पूर्ण प्रक्रिया पारदर्शी र नतिजामुखी हुने सुनिश्चित गरिने सूचीमा उल्लेख छ। उक्त समितिलाई आवश्यक कागजात, विवरण तथा अभिलेख सङ्कलन, विश्लेषण तथा सिफारिस गर्नेलगायतका अधिकार प्रदान गरिनेछ।

पहिलो चरणमा २०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पदधारण गरेका प्रमुख राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति



विवरणको सङ्कलन तथा छानबिन गरिनेछ। समितिले दोस्रो चरणमा विसं २०४८ देखि २०६१/६२ सम्मको अवधिमा सार्वजनिक पदधारण गरेका सोही प्रकृतिका पदाधिकारी तथा कर्मचारीको सम्पत्ति छानबिन गर्नेछ।

छानबिन प्रक्रियालाई कानुनी मापदण्ड, प्रमाणमा आधारित तथा निष्पक्ष रूपमा सञ्चालन गर्ने तथा समितिले पेस गरेको प्रतिवेदन तथा सिफारिस सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाउने उल्लेख छ।अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाको समग्र मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनर्संरचना गर्न उच्चस्तरीय कार्यदल गठन गर्ने कार्यसूचीमा राखिएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि रहेको सो कार्यदललाई एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेस गर्न कार्यादेश दिने उल्लेख छ।यसैगरी, रुग्ण आयोजना, ठेक्का तोडिएका परियोजना र प्रतिफलविहीन लगानी भइरहने समस्या समाधान गर्न ३० दिनभित्र अध्ययन टोली गठन गरी उक्त टोलीले आयोजनाको औचित्य र सम्भाव्यता मूल्याङ्कन गरी निरन्तरता दिनुपर्ने वा नपर्ने अवस्थाको बारेमा सिफारिस गर्ने विषय कार्यसूचीमा समेटिएको छ।

लगानी बोर्ड नेपाल, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, उद्योग विभागलगायतका निकायहरूबीच रहेको कार्य जिम्मेवारीको दोहोरोपन अन्त्य गर्न ३० दिनभित्र एकीकृत संरचनाको विस्तृत सङ्गठन तथा व्यवस्थापन सर्भेका लागि तत्काल एक कार्यदल गठन गर्ने कार्यसूचीमा उल्लेख छ।

उक्त कार्यदलले लगानी प्रवर्द्धन, निर्यात विस्तार तथा प्रवर्द्धन, उद्योग विकास, परियोजना संरचना तथा विकास वित्तसम्बन्धी कार्यहरूलाई एकीकृत रूपमा एकल विन्दु सेवा प्रणालीमा रूपान्तरण गर्न स्पष्ट रोडम्याप, कार्यात्मक संरचना तथा आवश्यक कानुनी व्यवस्थासहितको प्रतिवेदन पेस गर्नेछ । सो प्रतिवेदनका आधारमा आवश्यक संस्थागत तथा कानुनी सुधार प्रक्रिया तत्काल अगाडि बढाइनेछ।

अन्तरराष्ट्रिय तथा क्षेत्रीय सङ्कटहरूको प्रभाव अध्ययन गर्न अन्तर-मन्त्रालय कार्यदल गठन गर्ने, सोको आधारमा आवश्यक नीति तथा रणनीति तयार गर्ने कार्य परराष्ट्र मन्त्रालयको संयोजकत्वमा ३० दिनभित्र सम्पन्न गर्ने शासकीय सुधारसमबन्धी कार्यसूचीमा उल्लेख छ।

मध्यपूर्वका देशहरूमा विकसित हुँदै गएको परिस्थितिका कारण नेपालमा आर्थिक, वैदेशिक रोजगारी, आपूर्ति शृङ्खला, ऊर्जा तथा सामाजिक क्षेत्रमा पर्नसक्ने बहुआयामिक प्रभावहरूको समयमै मूल्याङ्कन तथा व्यवस्थापन गर्न सम्बन्धित मन्त्रालयको प्रतिनिधित्व रहनेगरी एक उच्चस्तरीय अन्तर-मन्त्रालय अध्ययन कार्यदल गठन गरिनेछ। उक्त कार्यदलले विस्तृत अध्ययन गरी ७ (सात) दिनभित्र अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीतिगत तथा कार्यक्रमगत उपायहरूसहित प्रतिवेदन पेस गर्ने सो प्रतिवेदनका आधारमा आवश्यक निर्णय तथा कार्यान्वयन प्रक्रिया तत्काल अघि बढाउने कार्यसूचीमा जनाइएको छ।

### संविधान संशोधन बहसपत्र कार्यदल गठन

शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं ४ मा उल्लेखित विषय कार्यान्वयन गर्न सोमबारको मन्त्रिपरिषद्ले संविधान संशोधन बहसपत्र तयार गर्नका लागि प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा संसद्मा प्रतिनिधित्व गरेका राजनीतिक दलको सहभागितामा कार्यदल गठन गर्ने निर्णय गरिसकेको छ।

कार्यसूचीमा देशको दीर्घकालीन राजनीतिक तथा संस्थागत सुधार, निर्वाचन प्रणालीलगायत विषयमा संविधान संशोधनसम्बन्धी विषयहरूमा राष्ट्रिय सहमति निर्माण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सात दिनभित्र 'संविधान संशोधन बहस पत्र' तयार गर्न कार्यदल गठन गर्ने तथा उक्त बहस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र तथ्यमा आधारित बनाउने उल्लेख छ।रासस


Government of Madhesh Province

**Madhesh Institute of Health Sciences**

**Janakpurdham, Dhanusha**

**Madhesh Province, Nepal**

**INVITATION FOR ELECTRONIC BIDS**

**Bid Publication Date: 2082/12/18 (1st April 2026)**

| S. N. | Project Title (Works/Goods) | IFB NO./Bid No. | Cost Of Bid Documents Fee (Non-Refendable) | Bid Security Amount | Estimated Amount Excluding Vat & Contigency. | Last Date Of Bid Submission | Last Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | The Construction of Pradeshik Aspatal Bhitra Indoor Bhawanko Marmat Tatha Sambhar. | MIHS/NCB/WORKS/ 2082-083/09 | Nrs. 3,000 | Nrs.2,33,000.00 | 89,49,553.00 | 03-05-2026 12:00 Noon | 03-05-2026 14:00 PM |
| 2 | The Construction of Orthoward Starunnati. | MIHS/NCB/WORKS/ 2082-083/10 | Nrs. 3,000 | Nrs.93,500 | 35,87,842.00 | 03-05-2026 12:00 Noon | 03-05-2026 14:00 PM |

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Laxmi sunrise Bank Ltd. **Name of Office:** Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha


**Office Code no. :** 3700017022 **Account no.:** 1681699536011101 **Rajaswa (revenue) Shirshak no. :** 14213

**Bid Security deposit in the Following Bank**:

**Name of the Bank:** Laxmi sunrise Bank Ltd. **Name of Office:** Madhesh Institute of Health Sciences, Dharauti Khata

**Account No.:** 161699540011103

**Note:-** 1. Bids Shall Be Opened At Madhesh Institute of Health Sciences , Janakpurdham Dhanusha.
2. A Complete Set Of Bidding document Can Be Downloaded From website: www.bolpatra.gov.np/egp.
3. For Further Information Please Contact at No.:9854038535/9848714707




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### प्रदेश सरकारको सराहनीय कार्य

मधेश प्रदेशको राजधानी समेत रहेको धार्मिक, सांस्कृतिक नगरी जनकपुरधाममा अतिक्रमित रहेको भूमिलाई मुक्त गराउन प्रदेश सरकारले सराहनीय कार्य गरेको छ । प्रदेशको राजधानी भएपछि ट्राफिकको चाप अत्यधिक बढेको छ । सडक र सार्वजनिक जग्गाहरुमा पसल थाप्दा समस्या थपिएको छ । सडकको फुटपाथमा पसल राखेर व्यवसाय गर्ने प्रवृत्ति अत्यधिक बढेकोले मूल सडकमा मानिसहरुको चाप समेत बढेको हो । जनकपुरधाममा पर्यटकहरुको संख्यामा भारी वृद्धि भएको छ । धार्मिक सांस्कृतिक धरोहर जनकपुरधाममा आउने पर्यटकहरुले सफा, हराभरा हेर्न चाहेका हुन्छन् । तर सडकको फुटपाथले नगरको सौन्दर्यलाई बिगारेको छ । फुटपाथमा पसल राखिएपछि पैदल यात्रुहरु मुख्य सडकबाट हिड्दा सवारी दुर्घटना बढेको बताइन्छ । सवारी दुर्घटनालाई न्यून गर्न पनि सडकको पेटी खाली हुन आवश्यक छ । ऐतिहासिक स्थलहरुको अतिक्रमण हटाएर नगरको सौन्दर्यकरण गर्न आवश्यक छ । गंगासागर र धनुषसागर जनकपुरधामको तलाउ, सरोवरहरु मध्ये विशिष्ट हो । नगरको मुटुमा रहेको सो सरोवरहरुको सौन्दर्यकरण पनि उत्तिकै आवश्यक छ । गंगासागरको पश्चिम तर्फको भाग शिव चोक र जनक चोक क्षेत्रमा अवैध र अव्यवस्थित रुपमा राखिएका पसलहरु मधेश प्रदेशका गृह, संचार तथा कानुन मन्त्रीको सक्रियतामा हटाइएको छ । त्यसमा प्रहरी, जनकपुरधाम उमपहानगरपालिकाले सक्रिय सहयोग गरेको छ । जनकपुरधाम उद्योग वाणिज्य संघ, स्थानीय व्यवसायी र पसल थापेका व्यवसायीहरुको पनि सहयोग छ । अतिक्रमण हटाइएपछि गंगासागरको बजार सित जोडिएको पश्चिम भाग खुल्ला भएसंगै सुन्दर देखिएको छ । खाली भएको भू- भागलाई सुन्दर बनाइ राख्न जनकपुरधाम उपमहानगरपालिकाले विशेष पहल गर्नुपर्छ । जनकपुरधामलाई सफा, सुन्दर बनाउन सबैको दायित्व हो । निवर्तमान उपमहानगर प्रमुख लालकिसोर साहले सो स्थललाई हेरिटेजको रुपमा विकसित गर्ने प्रयास गरेका थिए । उनले त्यहाँ रहेका पसलहरु हटाएर सुन्दर बनाएका थिए । तर चुनावको समय भएकाले फेरि अतिक्रमण भएको थियो । अहिले मधेश प्रदेश सरकारको सक्रियतामा अतिक्रमण हटाइएकोले त्यहाँ फेरि अतिक्रमण हुन नदिन जनकपुरधाम उपमहानगरपालिका सतर्क रहनु पर्छ । ठाउँ सुहाउँदो बोटविरुवा, फुल लगाएर सौन्दर्यकरण गर्नुपर्छ । नगरको अन्य भागमा रहेको अतिक्रमणलाई समेत हटाउनु पर्छ । सरकारले त्यसका लागि ठोस पहल गर्नु आवश्यक छ । जनकपुरधामको मुख्य नालाहरु छोपेर पसल गर्ने प्रवृत्ति पनि बढेको छ । त्यसलाई पनि निरुत्साहित गर्नुपर्छ । मधेश प्रदेश सरकारले प्रदेश राजधानीको नगरीलाई सुन्दर बनाउन चलाएको अभियानलाई उपमहानगरपालिकाले अगाडि बढानु पर्छ । गर्न चाहे सम्भव छ । सकारात्मक कार्यमा सबैको सहयोग पनि प्राप्त भएको छ । तर अतिक्रमण हटाउँदा विपन्न परिवारहरुको व्यवस्थापन पनि आवश्यक छ । पसल हटाउँदा केही परिवारलाई हातमुख जोड्ने समस्या देखिएकोले वैकल्पिक व्यवस्था तर्फ समेत सरकार र उपमहानगरपालिकाले ध्यान दिन सके अतिक्रमणको समस्या दोहरिँदैन ।

# कम्युनिस्टहरूले अब के गर्ने?



हरिबोल गजुरेल

विघटन र पुनर्संरचनाको दोसाँधमा पुगेको माओवादी आन्दोलनले २०८२ को निर्वाचन प्रक्रियामा जेनजी आन्दोलनले दिएको शिक्षा र भावनालाई आत्मसात् गर्दै अगाडि बढ्नुपर्ने थियो।तर आधारभूत वर्ग र युवाहरूको आशा तथा मनोविज्ञान बेवास्ता गरियो। जेनजी आन्दोलनप्रतिको ओठे समर्थनमै सीमित रहँदा नेतृत्व संकीर्ण स्वार्थमा अल्झियो र सहयात्रीहरूले गम्भीरतापूर्वक उठाएका विषयहरूलाई अतिसरलीकरण गर्दै बेवास्ता गरियो।

परिणामतः कम्युनिस्ट आन्दोलन गहिरो भूमरीमा फस्दै विघटन र भ्रष्टीकरणतर्फ धकेलिएको छ।'अघि बूढाले जानेन, पछि बूढाले मानेन, बाघ लाग्यो घिच्याउन, बूढो लाग्यो चिच्याउन' भनेजस्तै अवस्था सिर्जना भएको छ।माओवादी आन्दोलनको जग कमजोर बन्दै गएको कुरा जेनजी आन्दोलनको निशानामा परेपछि सहजै बुझ्न सकिन्थ्यो। बाहिरबाट हेर्दा सबल देखिए पनि भित्रभित्रै धेरै अघिदेखि छिया-छिया भइरहेको तथ्य सचेत जनताले अनुभूत गरिरहेका थिए।

उनीहरूको मोहभंग हुँदै गइरहेको थियो – तर गल्र्याम्म ढलेपछि मात्र सबैले महसुस गरे। परिस्थितिको स्वाभाविक परिणति अनुसार, जे हुनुपर्ने थियो, त्यही भयो। यो मूलतः नेतृत्व भिन्न मतप्रति असहिष्णु हुनुको परिणाम हो।अब रोइलो गर्नु समयको व्यर्थ खर्च मात्र हो; ढिलो नगरी पहल लिनुपर्छ। त्यसैले नयाँ जग हाल्न सर्वप्रथम भग्नावशेष पन्छाउनु आवश्यक छ र काम लाग्ने शक्ति तथा गौरवपूर्ण इतिहासको जगेर्ना गर्नु अपरिहार्य छ।वास्तवमा, यो दुर्दशाको संकेत अनुभूत गरेर 'डे वान' देखि नै पार्टीका विभिन्न वृत्तबाट सुझाव, आलोचना र खबरदारी हुँदै आएका थिए।

२०७५ सालमा एमाले-माओवादी एकताबाट बनेको नेकपाको अवधिदेखि नै औपचारिक तथा अनौपचारिक रूपमा पार्टी र संसदमा उठाइएका प्रश्नहरूको सूची लामो छ। तर ती विषयलाई गम्भीरतापूर्वक लिनुको सट्टा मुख्य नेतृत्वले समीक्षा र रूपान्तरणको फराकिलो बाटो त्यागेर प्रतिशोधको साँघुरो बाटो रोज्यो।

खरो प्रश्न उठाउनेहरूलाई नेतृत्वले निगरानी र दमनको घेरामा राख्न थाल्यो। नयाँ स्वरूपमा विकसित 'आलोक प्रवृत्ति' (व्यक्तिपूजा र लालफित्ताशाही) को व्यापक प्रयोग गरियो।ती विषय र पात्रहरू के के थिए भन्ने कुरा भविष्यमा विस्तृत रूपमा उठाउन सकिन्छ। तर अहिले विगतको पुनरवलोकनभन्दा पनि वर्तमानमा 'अब के गर्ने' भन्ने प्रश्नको ठोस जबाफ खोज्नु नै सबभन्दा ठूलो आवश्यकता र साझा चासो बनेको छ।यस्तो अवस्थामा अबको मूल प्रश्न स्पष्ट छ – अब के गर्ने?प्रश्न विगतको पुनरावृत्ति होइन, सही दिशामा नयाँ आरम्भ कसरी गर्ने भन्ने हो।

**पहिलो– वैचारिक स्पष्टता र आत्मसमीक्षा**

कम्युनिस्ट आन्दोलन किन विचलित भयो, कहाँ चुकियो र कसरी सुधार गर्ने भन्ने विषयमा निष्कपट समीक्षा बिना ध्रुवीकरण र पुनर्संरचना सम्भव छैन। जनयुद्धको प्रक्रियामा विकास गरेका तर वर्तमानमा ओझेलमा परेका विचार, नीतिलाई नयाँ परिवेश अनुरूप परिमार्जन गरी पुनर्स्थापित गर्नुपर्छ।इतिहास बोकेका तर संसदवादमा फिट हुन नसकेर ओझेलमा परेका कमरेडहरूको खोजी गरी उपयुक्त भूमिकासहित स्थापित गर्नुपर्छ।

**दोस्रो– संगठनात्मक पुनर्गठन**



व्यक्ति केन्द्रित, गुटगत र अवसरवादी प्रवृत्तिबाट मुक्त भई विचार, नीति र क्षमतामा आधारित नेतृत्व विकास गर्नुपर्छ। समाजवादको चरणमा नेतृत्वमा ज्ञान, इमान्दारिता र चातुर्यताको स्तर उच्च हुनुपर्छ। अन्यथा ज्ञान र इमान्दारीको स्तर खस्किँदै जाँदा बाँकी रहेको चातुर्य फट्याइँमा परिणत हुन्छ भन्ने कुरा व्यवहारले प्रमाणित गरिसकेको छ।त्यसैले जनवादी केन्द्रीयताको सन्दर्भमा मेरिटोक्रेसी र डेमोक्रेसीको सन्तुलित संयोजनलाई व्यवहारमा लागू गर्दै नेतृत्व निर्माणमा आन्तरिक जनवाद (लोकतन्त्र) लाई जीवन्त बनाउनु आवश्यक छ।

**तेस्रो– जनतासँगको सम्बन्ध पुनर्स्थापना**

आन्दोलनको वास्तविक शक्ति सत्तामा होइन, जनतामा निहित हुन्छ। त्यसैले भ्रष्टाचारमुक्त सुशासन, सामाजिक न्याय र जनजीविकाका सवाल (रोजगारी, शिक्षा, स्वास्थ्य) लाई केन्द्रमा राखेर जनविश्वास पुनर्निर्माण गर्नुपर्छ।'जनता जहाँ पीडामा छन्, त्यहाँ नेता-कार्यकर्ता' भन्ने मान्यतालाई कडाइका साथ लागू गर्नुपर्छ।

**चौथो– नयाँ पुस्तासँग संवाद र सहकार्य**

जेनजीले देखाएको ऊर्जा, उठाएको प्रश्न र परिवर्तनको चाहनालाई बेवास्ता होइन, रूपान्तरणको स्रोतका रूपमा ग्रहण गर्नुपर्छ। जनयुद्धको प्रत्यक्ष अनुभूति नभएको नयाँ पुस्तालाई आकर्षित गर्दै उनीहरूलाई जिम्मेवारी र नेतृत्वमा विकास गर्नु समयको माग हो।

**पाँचौं– संघर्ष र रूपान्तरणको नयाँ शैली**

पुराना मूल्य-मान्यता र विधिमा सीमित नभई वर्तमान यथार्थअनुसार नयाँ सोच, नयाँ कार्यशैली र नयाँ राजनीतिक संस्कृतिको विकास गर्नुपर्छ। संगठनात्मक नीति र विधिलाई परिमार्जन र विकास नगरी वर्तमान समाजलाई नेतृत्व गर्न सकिँदैन।वर्ग सम्बन्ध र वर्ग संघर्षलाई केन्द्रमा नराखी रूपान्तरण सम्भव हुँदैन; अन्यथा यो कागजमा सीमित नारा मात्र हुन्छ।

तीन गर र तीन नगर – १. मार्क्सवाद लागू गर, संशोधनवाद होइन २. स्पष्ट र खुला होऊ, षड्यन्त्र र जालझेल नगर ३. एकजुट होऊ, नफुट– को मूल भावनालाई व्यवहारमा उतार्न सक्नुपर्छ।

**छैटौं– सूचना, सञ्चार र सामाजिक सञ्जालको सदुपयोग**

सूचना-सञ्चारको वैज्ञानिक तथा योजनाबद्ध प्रयोग अपरिहार्य छ। झुट बारम्बार दोहोऱ्याएर सत्यका रूपमा प्रस्तुत गर्ने प्रवृत्तिबाट बच्न मात्र होइन, त्यसलाई परास्त गर्न सचेत रणनीति आवश्यक छ।राम्रो काम गरेर त्यसको प्रभावकारी प्रचार गर्ने, गल्ती-कमजोरीलाई पनि पारदर्शी रूपमा प्रस्तुत गर्ने अभ्यासले अवसरवादी र विरोधी शक्तिहरूको खेल्ने ठाउँ साँघुरो बनाउँछ। 'बोल्नेको पिठो पनि बिक्ने, नबोल्नेको चामल पनि नबिक्ने' भन्ने प्रवृत्तिलाई सचेत रूपमा व्यवस्थापन गर्नुपर्छ। प्रतिबद्धता

संक्षेपमा, अबको बाटो स्पष्ट छ – पार्टीमा स्पेस नपाउनेहरूले बाहिरबाट र पार्टीभित्र रहनेहरूले भित्रै रहेर विषय केन्द्रित बहस चलाउँदै आजको आवश्यकता अनुरूप वैचारिक दृढता, संगठनात्मक सुधार, जनआधारको पुनर्निर्माण र नयाँ पुस्ता, विशेषतः जेन जीसँगको सहकार्य र एकतामा जोड दिनुपर्छ।यो पुरानो पुस्ताको रूपान्तरणको प्रभावकारी माध्यम बन्न सक्छ। यो पुष्पलालले आफ्नो जीवनको उत्तरार्धमा देखाएको मार्गचित्रकै विकसित रूप हो। यही मार्गले मात्र कम्युनिस्ट आन्दोलनलाई पुनर्जीवित गर्दै भविष्यतर्फ अग्रसर गराउन सक्छ।यी आधारहरूमा टेकेर मात्र संगठनको नयाँ र मजबुत जग निर्माण गर्न सकिन्छ।

मुख्यतः स्थानीय स्तरमा योजनाबद्ध पहलद्वारा श्रम र उत्पादनलाई एकीकृत गर्दै रोजगारीको आधार तयार गर्नुपर्छ। जनताको कुरा सुन्ने, उनीहरूको समस्या समाधानका लागि पहल गर्ने र समाजवादी कार्यदिशा अनुसार संगठन निर्माण तथा परिचालन गर्नु अनिवार्य छ।स्थानीय तहमा आधारभूत वर्गको सुदृढ जग निर्माण गर्दै निम्न-मध्यम र मध्यम वर्गका साथै उत्पीडित लि।ग, जाति, क्षेत्र र उपेक्षित समुदायलाई समेत समेट्नुपर्छ।'ग्रासरूट' मा गएर नेताहरूले जनता र कार्यकर्तासँग संयुक्त अभ्यास नगरी केवल सर्कुलर र फरमान जारी गरेर मात्र कम्युनिस्ट आन्दोलनलाई पुनर्जीवन दिन सकिँदैन। किनकि माथिदेखि तलसम्म कम्युनिस्ट आन्दोलन गम्भीर रूपमा भ्रष्टीकरणको चपेटामा परेको छ।

**निष्कर्ष**

सबै वामपन्थी शक्तिहरू विघटन र विभाजनको अवस्थाबाट गुज्रिरहेका बेला केन्द्रीय र स्थानीय स्तरमा वैचारिक, राजनीतिक, संगठनात्मक, कार्यशैली र आचरण सम्बन्धी बहसमार्फत विचार, नीति र विधिको अन्वेषण र प्रयोग गर्दै जनतामा नयाँ आशा जगाउनु आवश्यक छ। यसका लागि कम्युनिस्ट पार्टीसम्बद्ध र स्वतन्त्र वामपन्थी व्यक्तिहरूलाई समेटेर मुख्यतः केन्द्रीय स्तरमा तथा प्रदेश र जिल्लामा एक 'लुज फोरम' निर्माण गर्न सकिन्छ।यो फोरममार्फत वैचारिक बहससँगै रचनात्मक कार्यहरू सञ्चालन गर्ने, जनसरोकारका विषयमा सरकारको ध्यानाकर्षण गराउने, जेनजी आन्दोलनको भावनाअनुसार चल्न प्रेरित गर्ने, सकारात्मक कामको समर्थन र गलत कदमको विरोध गर्ने– यही आज कम्युनिस्ट आन्दोलनप्रति जनतामा पुनः आशा जगाउने प्रभावकारी सूत्र हो।

योजनाबद्ध पहलद्वारा यो चरण पूरा नगरी पार्टीहरूबीचको एकताका लागि पहल गर्नु असफल भइसकेको पुरानै 'कुटे खेलो' र संसदवादी अभ्यासको निरन्तरता, अर्थात् ठोस आधारबिनाको उपरिसंरचना निर्माण जस्तै हुन जान्छ।उपरोक्त प्रक्रिया अर्थात् वैचारिक र संगठनात्मक जग नबसाली कम्युनिस्ट आन्दोलनको संरक्षण, प्रयोग र विकास सम्भव देखिँदैन।यो चुनौतीपूर्ण जिम्मेवारी हाम्रो काँधमा आएको छ। हरेस नखाई अगाडि बढौं – निराश हुनु आवश्यक छैन। पश्चिम बंगाललाई नजीर नबनाऔं , भविष्य उज्ज्वल छ । सेतोपाटी

# भविष्यमा नेपालले तय गर्न सक्ने आर्थिक समृद्धिको यात्रा !



डा. मुकेशराज काफ्ले

सन् १९९० को राजनीतिक परिवर्तनपछि नेपालले आर्थिक उदारीकरणको नीति अवलम्बन गऱ्यो।

देश विकासमा निजी क्षेत्रको प्रवेश र १९९२ को आमनिर्वाचनपछि केही वर्षहरू मुलुकले तीव्र आर्थिक वृद्धि हासिल गऱ्यो। प्रजातन्त्र पुनः स्थापनापछि बनेको नेपाली कांग्रेसको एकमना सरकार आन्तरिक किचलोका कारण विघटन भई मध्यावधि निर्वाचनमा देश होमिएसँगै थप राजनीतिक अस्थिरताको बीजारोपण भयो।

यही बीचमा सन् १९९५ मा तत्कालीन माओवादी पार्टीले सशस्त्र युद्धको घोषणा गरेपछि मुलुक थप द्वन्द्वमा फस्यो। यी राजनीतिक परिदृश्यले मुलुकलाई आर्थिक, सामाजिक विकासका हिसाबले निकै पछाडि धकेल्यो।

राजनीतिक परिवर्तनको क्रम अघि बढ्दै जाँदा नेपाल परम्परागत राज्य प्रणाली र शासकीय स्वरूपबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा रूपान्तरित भएको छ। राजनीतिक परिवर्तनले जनताका समस्याको यथोचित सम्बोधन र सुशासन कायम गर्न नसकेको आम भाष्य निर्माण भयो।

आम नागरिक, मूलतः युवा पुस्तामा छाएको चरम निराशाबीच गत भदौ २३-२४ को जेनजी आन्दोलन भयो। यद्यपि, यो आन्दोलन र त्यस क्रममा भएको ठूलो मानवीय तथा सार्वजनिक, निजी सम्पत्तिको क्षति हेर्ने दृष्टिकोणमा नेपाली समाज विभक्त छ।

विशेष परिस्थितिबीच फागुन २१ गते संघीय संसदको निर्वाचन सम्पन्न भई नयाँ संसद र सरकार गठन हुने चरणमा छ। जनतामा छाएको चरम निराशाबीच प्रतिनिधिसभामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले झन्डै दुई-तिहाइको बहुमत ल्याएको छ।

अब, आम जनताको चासो र चिन्ता मुलुकको भविष्य, आर्थिक समृद्धि र सुशासनको यात्रा कसरी अघि बढ्छ भन्नेमा देखिन्छ।

यसै पृष्ठभूमिमा प्रजातन्त्र पुनः स्थापनापछिको साढे तीन दशकको देशको आर्थिक पाटो सिंहावलोकन गर्दै भविष्यमा मुलुकले तय गर्न सक्ने आर्थिक समृद्धिको यात्रालाई क्रमशः आलेखमार्फत पस्किने जमर्को गर्नेछु।

प्रजातन्त्र पुनः स्थापनापछिको साढे तीन दशकलाई नियाल्दा नेपालको आर्थिक विकासलाई तीन कालखण्डमा वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छ।

पहिलो खण्डको रूपमा सन् १९९६ देखि २००६ को दशकलाई लिन सकिन्छ। यो अवधिमा मुलुक सशस्त्र द्वन्द्वको चपेटामा पऱ्यो। तत्कालीन माओवादी र राज्य पक्षबीच भएको द्वन्द्वका कारण सत्र हजारभन्दा बढी नेपाली नागरिकले ज्यान गुमाए। देशको खर्बौं भौतिक सम्पत्तिको क्षति भयो। उक्त अवधिमा मुलुकको विकास ठप्पप्रायः थियो।

दोस्रो खण्डको रूपमा सन् २००७ देखि २०१४ को अवधिलाई लिन सकिन्छ। यो अवधिमा देशमा सशस्त्र द्वन्द्वको अन्त्यसँगै विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो। देशमा राजतन्त्रात्मक प्रणालीको अन्त्य भयो। राजनीतिक अस्थिरताका बीच ठूलो संख्यामा नेपाली युवाहरू रोजगारीका लागि विदेशिने क्रम बढ्न थाल्यो।

तेस्रो खण्डको रूपमा सन् २०१५ देखि २०२४ सम्मको दशकलाई लिन सकिन्छ। यो अवधिमा देशको अर्थतन्त्रमा ठूलो झट्का महसुस भयो। सन् २०१५ को महाभूकम्प, सन् २०१५/१६ को भारतीय नाकाबन्दी लगायत प्राकृतिक विपत्ति, सन् २०२० को कोभिड महामारीले मुलुकको अर्थतन्त्र नराम्रोसँग प्रभावित भयो।

यही अवधिमा मुलुकले नयाँ संविधान पनि प्राप्त गऱ्यो। नेपालको संविधान जारी भएको एक दशक पूरा भएको छ। संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राजनीतिक प्रणालीअन्तर्गत स्थानीय, प्रदेश र संघीय गरी तीन तहको शासकीय संरचना अनुसारका सरकारहरू क्रियाशील छन्।

नेपालको आर्थिक वृद्धि प्रदर्शनलाई संरचनात्मक समकक्षी देशहरू बंगलादेश, बोलिभिया, किर्गिज गणराज्य र आकांक्षी सहकर्मी देशहरू कम्बोडिया, लाओस र माल्डोभासँग तुलना गर्न सकिन्छ। यी देशहरूको आर्थिक विशेषताहरू जस्तै निम्न-मध्यम आयस्तर, भौगोलिक अवस्था, उच्च जलविद्युत सम्भावना, एकल व्यापारिक साझेदारमा उच्च निर्भरता, वैदेशिक विप्रेषणमा ठूलो योगदान र जलवायु परिवर्तनप्रति उच्च जोखिम परिवेशहरू नेपालसँग मिल्दाजुल्दा छन्।

नेपालको अर्थतन्त्रले विभिन्न प्रतिकूलताबीच उल्लेखनीय लचकता देखाएको छ। तर, यसको आर्थिक वृद्धि संरचनात्मक र आकांक्षी सहकर्मी देशहरूको तुलनामा अझ पछाडि छ।



सन् १९९६ देखि २०२३ सम्म वास्तविक कुल घरेलु उत्पादन (जिडिपी) औसतमा वार्षिक ४.२ प्रतिशतले वृद्धि भएको छ। आन्तरिक द्वन्द्व र बाह्य प्रतिकूलताबीच यो वृद्धि सन्तोषजनक मान्न सकिन्छ।यस वृद्धिको मुख्य आधार वैदेशिक रोजगारीमा आधारित विप्रेषण (रेमिटेन्स) नै हो। यो विप्रेषण जिडिपीको अनुपातमा विश्वकै उच्चमध्ये एक हो। यसले घरेलु निजी उपभोग मजबुत बनाउँदै सेवा क्षेत्रको विस्तारमा महत्वपूर्ण योगदान दिएको छ।

तथापि, सोही अवधिमा नेपालको यो आर्थिक वृद्धिदर आकांक्षी र संरचनात्मक सहकर्मी देशहरूको तुलनामा कम नै रह्यो। दक्षिण एसियाभित्र नेपालको औसत आर्थिक वृद्धि आठ देशहरूमध्ये छैटौं स्थानमा रह्यो। पाकिस्तान र श्रीलंका मात्र नेपालभन्दा पछाडि रहे। आकांक्षी सहकर्मी देशहरूमध्ये केवल बोलिभिया र माल्डोभाले मात्र नेपालको भन्दा कम औसत वृद्धिदर हासिल गरेका छन्।

द्वन्द्वकाल र त्यसपछिको अवधिमा नेपालको वास्तविक जिडिपी वृद्धि सहकर्मी देशहरूको तुलनामा कमजोर रह्यो। सशस्त्र द्वन्द्वको अवधिमा नेपालले औसत वार्षिक ४ प्रतिशत वास्तविक जिडिपी वृद्धि हासिल गऱ्यो।

यो वृद्धि संरचनात्मक सहकर्मी देशहरूको ४.४ प्रतिशतभन्दा कम र आकांक्षी सहकर्मी देशहरूको ५.९ प्रतिशतभन्दा निकै कम थियो। द्वन्द्वपछि यो वृद्धि केही बढेर ४.६ प्रतिशत पुगे पनि सहकर्मी देशहरूको तुलनामा कम नै रह्यो।अपेक्षित शान्तिलाभ पर्याप्त रूपमा प्राप्त हुन नसक्नुको मुख्य कारण राजनीतिक अर्थतन्त्रसँग सम्बन्धित समस्या र नीतिगत अस्थिरता थियो। यसले सुधारका प्रयासहरूलाई अवरूद्ध गऱ्यो र नयाँ संविधान कार्यान्वयनमा ढिलाइ गऱ्यो।

द्वन्द्वकाल र त्यसपछि वैदेशिक रोजगारीमा गएका नेपालीबाट प्राप्त बढ्दो विप्रेषणले आन्तरिक आर्थिक कमजोरीहरूलाई केही हदसम्म सन्तुलित गर्न र अर्थतन्त्रको लचकता कायम राख्न महत्वपूर्ण योगदान पुऱ्यायो।सन् २०१५ देखि २०२३ सम्म नेपालको औसत वास्तविक जिडिपी वृद्धिदर ४.२ प्रतिशत कायम रह्यो। यो वृद्धिदर दक्षिण एसियाका आठ देशहरूमध्ये चौथो स्थानमा थियो। यो अवधिमा नेपालले औसत वृद्धिदरमा आकांक्षी सहकर्मी देशहरूभन्दा केही राम्रो प्रदर्शन गऱ्यो र संरचनात्मक समकक्षी देशहरूसँग लगभग समान रह्यो।

सन् १९९६ देखि २०२३ सम्म नेपालको वास्तविक जिडिपी तीन गुणाले बढ्यो। यही अवधिमा संरचनात्मक र आकांक्षी समकक्षी देशहरूको वास्तविक उत्पादनस्तर क्रमशः ३.५ गुणा र ४.५ गुणाले वृद्धि भयो। यो अन्तर विशेषगरी द्वन्द्वपछिको अवधिमा तीव्र रूपमा फराकिलो भयो र लगातार प्रतिकूलताको अवधिमा पनि बढ्दै गयो।

नेपालको प्रतिव्यक्ति आम्दानी स्तर संरचनात्मक समकक्षी देशहरूको भन्दा छिटो दरमा बढेको छ। यो बढोत्तरीमा सुस्त जनसंख्या वृद्धिदर (१.२ प्रतिशत) ले पनि समर्थन गरेको छ।

सन् १९९६ देखि नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय औसतमा वार्षिक ७.३ प्रतिशतले वृद्धि भएको छ। यो वृद्धि संरचनात्मक समकक्षी देशहरूको वार्षिक वृद्धि ६.३ प्रतिशतभन्दा बढी हो। तर, आकांक्षी समकक्षी देशहरूको ८.३ प्रतिशत औसत वृद्धि भन्दा कम हो।नेपालको प्रतिव्यक्ति आय द्वन्द्वपछिको अवधिमा सबभन्दा तीव्र रूपमा बढ्यो। यो अवधिमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या उल्लेखनीय रूपमा बढेको थियो। काम गर्ने उमेर समूहको तुलनामा आश्रित जनसंख्या (१५ वर्षभन्दा कम वा ६४ वर्षभन्दा माथि) को अनुपात घट्दै जाँदा जनसांख्यिक लाभको अवस्था सिर्जना भएको हो।

देशले आफ्नो बढ्दो उत्पादनशील श्रमशक्तिको सदुपयोग गर्न सके आर्थिक वृद्धिलाई अझ तीव्र बनाउन महत्वपूर्ण अवसर प्रदान गर्न सक्छ।सन् १९९६ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय अन्य संरचनात्मक समकक्षी देशहरूको ३९ प्रतिशत मात्र थियो। तर उच्च वृद्धिका कारण सन् २०२३ सम्म यो ५० प्रतिशत पुगेको छ।अर्कोतर्फ, आकांक्षी समकक्षी देशहरूसँगको अन्तर अझ फराकिलो भएको छ। सन् १९९६ मा समकक्षी देशहरूको तुलनामा ४९ प्रतिशत रहेको नेपालको प्रतिव्यक्ति आय सन् २०२३ मा पुग्दा ४० प्रतिशत भएको छ।

ऐतिहासिक औसतमा आधारित प्रक्षेपणहरूका आधारमा नेपालले संरचनात्मक र आकांक्षी दुवै प्रकारका समकक्षी देशहरूलाई छिट्टै भेट्टाउने सम्भावना कम छ। प्रतिव्यक्ति राष्ट्रिय आय र उच्च मध्यम आय वर्गका मापदण्ड सन् १९९६ देखि २०२४ को औसत दरमै बढिरहे पनि नेपाललाई उच्च मध्यम आय भएको देशको स्तरमा पुग्न करिब दुई दशक लाग्ने देखिन्छ। त्यो अवधिमा पनि संरचनात्मक आकांक्षी समकक्षी देशहरूसँगको आम्दानी अन्तर पूर्ण रूपमा घट्ने देखिँदैन।सेतोपाटी

# एक विधेयक सर्वसम्मतिले पारित




विराटनगर । कोशी प्रदेशसभाको मंगलबारको बैठकले 'प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९' लाई संशोधन गर्न बनेको विधेयक सर्वसम्मतिले पारित गरेको छ ।

बैठकमा प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले विधेयक पारित गरियोस् भनी प्रस्ताव गर्नुभएको थियो । सभामुख सिर्जना दनुवारले उक्त प्रस्ताव निर्णयार्थ पेस गर्नु भएपछि सर्वसम्मतले पारित गरिएको हो । यसअघि कोशी प्रदेशसभा सदस्य रेवतीरमण भण्डारीले विधेयक संशोधनमा पाँच बुँदामा प्रस्ताव राख्नुभएको थियो ।

मन्त्री पराजुली उक्त प्रस्ताव स्वीकार गर्नु भएपछि प्रस्तावक भण्डारीले उक्त प्रस्ताव फिर्ता लिनुभएको थियो ।

मंगलबारै सामाजिक विकास मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको सम्बन्धमा मन्त्री रामप्रसाद मेहताले जवाफ दिनुभयो । उहाँले भाषा आयोगबाट सिफारिस भई आएको मैथिली र लिम्बू भाषा सरकारी कामकाजको भाषा बनाउन बनाइएको विधेयक विषयगत समितिमा छलफल भइरहेको जानकारी दिनुभयो ।

सभासभा सदस्य खिनु लङ्वा लिम्बूले राखेको जिज्ञासामा मन्त्री मेहतालेआगामी बजेट अधिवेशनमा दलित सशक्तीकरण विधेयक पनि पेस गरिने बताउनुभयो । मंगलबारकै बैठकमा सुशासन तथा योजना समितिका सभापति खगेश्वरी पौडेलले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभयो ।

**शून्य समय**

शून्य समयमा कोशी प्रदेशसभा सदस्य सपना दर्जी, सिर्जना राई, मीना श्रेष्ठ, राधाकृष्ण खनाल, निरन राई र तारादेवी ढकालले समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो । सभाको अर्को बैठक बुधबार अपराह्न १:०० बजे बस्नेछ ।रासस

# ओलीको रिहाइ गर्न माग

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टी अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकको रिहाइको माग गर्दै थप आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

ललितपुर, च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा पार्टी उपाध्यक्ष रामबहादुर थापाको अध्यक्षतामा मंगलबार बसेको सचिवालय बैठकले राखिएका छन् ।

यस्तै, वैशाख ७ गते प्रदेशस्तरीय विरोध प्रदर्शन र सभा, वैशाख १२ गते राजधानी काठमाडौँमा विरोध प्रदर्शन तथा सभा आयोजना गर्ने महासचिव पोखरेलले जानकारी दिनुभयो । बैठकले पार्टीले वर्तमान परिस्थितिका सम्बन्धमा नागरिक समाज तथा विभिन्न वर्ग र पेसासँग सम्बन्धित सङ्घ/सङ्गठनसँग जिल्ला तथा




पार्टी अध्यक्ष ओली र कांग्रेस नेता लेखकको रिहाइको माग गर्दै थप आन्दोलनका घोषणा गर्ने निर्णय गरिएको बैठकपछि एमाले महासचिव शङ्कर पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार यही चैत २५ गतेसम्म जिल्लास्तरमा बृहत् कार्यकर्ता भेला, चैत २८ गते सबै पालिकास्तरमा विरोध प्रदर्शन, आगामी वैशाख ३ गते सम्पूर्ण वडा तहमा वडाभेला र विरोध प्रदर्शनका कार्यक्रम केन्द्रीयस्तरमा संवाद तथा अन्तर्क्रिया कार्यक्रम गर्नेसमेत निर्णय गरेको छ ।

यस्तै, आगामी वैशाख ९ (अप्रिल २२) मा नेपाल कम्युनिष्ट पार्टीको स्थापना दिवस मनाउन सबै पार्टी कमिटी तथा जनवर्गीय सङ्गठनलाई आह्वान गरिएको र चाँडै नै केन्द्रीय कमिटीको बैठक बस्ने विषयमा छलफल भएको महासचिव पोखरेलले बताउनुभयो ।रासस

# शासकीय सुधारका एक सय कार्यसूचीमा 'डिजिटल' शासन

काठमाण्डु । सरकारले शासकीय सुधारका एक सय कार्यसूचीमार्फत 'डिजिटल' शासन र 'डेटा गभर्नेन्स'लाई प्राथमिकतामा राख्दै कार्यान्वयन सुरु गरेको छ ।मन्त्रिपरिषद्को गत शुक्रबार बसेको पहिलो बैठकले स्वीकृत गरेको कार्यसूचीअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने प्रक्रिया अघि बढाएको छ भने बेटिङ एप बन्द गर्न नेपाल दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिइसकेको छ ।



अब सार्वजनिक सेवा प्रवाहलाई छिटो, पारदर्शी, कागजरहित र अन्तरआबद्ध बनाइनेछ । यसअन्तर्गत विद्यमान एकीकृत कार्यालय व्यवस्थापन प्रणाली 'जिआइओएमएस' प्रणालीलाई एक सय दिनभित्र थप सुदृढ र प्रयोगकर्तामैत्री बनाइने जनाइएको छ ।नागरिकको विवरण एक पटक मात्रै सङ्कलन गरी अन्य निकायले सोही डेटा प्रयोग गर्ने व्यवस्था गरिने र सरकारी 'एप' तथा 'पोर्टल'लाई सरल बनाइने भएको हो ।शासकीय सुधारका लागि नागरिक एपमार्फत अनलाइन आवेदन सहज बनाउने, 'अटो फिल' प्रणाली लागू गर्ने तथा प्रहरी प्रतिवेदन, राहदानी र सवारीचालक अनुमतिपत्रका लागि आवेदन ४५ दिनभित्र डिजिटल माध्यमबाटै दिन सकिने व्यवस्था मिलाइने कार्यसूचीमा उल्लेख छ ।

साथै, सेवा लिन भौतिक उपस्थित हुनुपर्ने अवस्थामा अनलाइन 'अपोइन्टमेन्ट' प्रणालीमार्फत समय छनोट गर्न सकिने व्यवस्था तीन महिनाभित्र लागू गरिनेछ । सरकारले डिजिटल हस्ताक्षर प्रणालीलाई समेत विस्तार गर्ने योजना अघि सारेको छ । 'एनआइडी कार्ड', 'बायोमेट्रिक' वा 'ओटिपी'मार्फत 'इसिग्नेचर' प्रयोग गरी सेवा लिन सकिने व्यवस्था गर्न अध्ययन प्रक्रिया अघि बढाइएको छ । त्यस्तै, फाइल ट्र्याकिङ प्रणाली लागू गरी ढिलाइ भएमा स्वचालित 'अलर्ट' जाने व्यवस्था ३० दिनभित्र कार्यान्वयन गरिनेछ । प्रमाणपत्रहरू 'अनलाइन डाउनलोड' गर्न मिल्ने व्यवस्था १५ दिनभित्र लागू गरिनेछ भने कर्मचारीको डिजिटल प्रोफाइल र हेलो सरकार प्रणाली सुधार गर्ने योजना पनि कार्यसूचीमा समावेश छ ।

डिजिटल गभर्नेन्स र व्यक्तिगत डाटा संरक्षणसम्बन्धी नीति तथा कानुन ६० दिनभित्र तर्जुमा गरिनेछ भने सूचना प्रविधि तथा डिजिटल गभर्नेन्ससम्बन्धी स्वतन्त्र नियामक निकाय स्थापना गर्ने तयारी पनि अघि बढाइएको छ । सरकारले सूचना प्रविधि तथा विद्युतीय शासन विधेयक तथा 'नेसनल इन्टरप्राइज आर्किटेक्चर फ्रेमवर्क' ६० दिनभित्र तयार गर्ने लक्ष्य लिएको छ ।

सरकारले 'राष्ट्रिय एकीकृत डिजिटल शासन प्लेटफर्म' स्थापना गरी सबै सेवा एउटै प्लेटफर्ममार्फत उपलब्ध गराउने लक्ष्य राखेको छ । यसका लागि राष्ट्रिय डाटा एक्सचेन्ज प्लेटफर्म स्थापना तथा सञ्चालनको काम १०० दिनभित्र सुरु गरिनेछ । यसैगरी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालय स्थापना गर्ने, हालको सूचना प्रविधि विभाग खारेज गर्ने र सम्बन्धित सबै निकायलाई एकीकृत गर्ने योजना तीन महिनाभित्र पूरा गरिने जनाइएको छ ।रासस

# प्रधानमन्त्री शाहद्वारा सुदूरपश्चिमका सांसदहरुसँग छलफल

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले सुदूरपश्चिम प्रदेशका सांसदहरुसँग विकास निर्माण तथा त्यस क्षेत्रमा देखिएका समस्या समाधानका बारेमा छलफल गर्नुभएको छ । उहाँले मंगलबार सिंहदरबारमा सुदूरपश्चिम प्रदेशमा विकास निर्माणका बारेमा छलफल गर्दै समस्या समाधानमा पहल गर्ने बताउनुभएको डोटीका सांसद भरत खड्काले राससलाई जानकारी दिनुभयो ।



"प्रधानमन्त्रीले प्रदेशगत रुपमा निर्वाचित सांसदसँग विकासको वस्तुस्थितिबारे छलफल गर्नुभएको हो", प्रधानमन्त्रीसँगको भेटबारे सांसद खड्काले भन्नुभयो । प्रदेश र जिल्लाभित्रका विकासका योजनाका बारेमा आफूहरुले प्रधानमन्त्रीसँग कुरा राखेको बताउनुभयो ।"सेती जलविद्युत् आयोजना, कैलाली-दिपायल सडक, सेती लोकमार्गलगायत सडकनिर्माणएवंस्तरोन्नति,सिँचाइ, शिक्षा, स्वास्थ्य क्षेत्रको स्तरोन्नति तथा हवाई सेवा विस्तारलगायत विषयमाप्रधानमन्त्रीकोध्यानाकर्षण गराएँ", सांसद खड्काले भन्नुभयो ।

सांसदहरुले प्रस्तुत गर्नुभएका विषयलाई सम्बोधनको प्रयास गर्ने प्रधानमन्त्री शाहले जानकारी दिनुभएको उहाँले बताउनुभयो । साथै प्रधानमन्त्रीले समस्याहरु सचिवालयमा टिपाउन आग्रह गर्नुभएको थियो ।प्रधानमन्त्री शाहले सोमबार कोशी र कर्णाली प्रदेशबाट संसद्मा प्रतिनिधित्व गर्नुभएका विभिन्न राजनीतिक दलका सांसदहरुसँग छलफल गर्नुभएको थियो ।रासस

# खेलकुदप्रति आकर्षण बढाउनुपर्नेमा मन्त्री पोखरेलको जोड

काठमाण्डु । युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले खेलकुदप्रति युवालाई आकर्षित गर्नुपर्नेमा जोड दिँदै त्यस निम्ति विद्यालय, स्थानीय क्लब र गाउँस्तरबाट नै उनीहरूलाई यसमा समाहित गर्नुपर्ने बताउनुभएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले उहाँको सम्मान मंगलबार आयोजना गरेको कार्यक्रममा मन्त्री पोखरेलले खेलकुदका माध्यमबाट राष्ट्रको प्रतिष्ठा बढाउने खेलाडी उत्पादन गर्न परिषद्लगायत खेलकुदसँग सम्बद्ध सङ्घसंस्था क्रियाशील हुनुपर्ने बताउनुभयो ।खेल क्षेत्रमा चुनौती र अवसर दुवै भएकाले बोलेर भन्दा पनि काम गरेर देखाउनु पर्ने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद् अच्युतम लामिछानेले नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) लाई अझ प्रभावकारी बनाउनुपर्ने बताउनुभयो ।

परिषद्का सदस्यसचिव रामचरित्र मेहताले राखेपको बोर्ड र कार्यसमितिको संरचना, कार्यक्षेत्र, बजेट, भौतिक पूर्वाधारको अवस्थालगायत परिषद्का गतिविधिबारे जानकारी गराउनुभयो ।

त्यसअघि मन्त्री पोखरेलले सातदोबाटोस्थित अन्तरराष्ट्रिय खेलकुद परिसरमा निर्माणाधीन जेनजी पार्क, खेलकुद विज्ञान अनुसन्धान केन्द्रको निरीक्षण गर्नुभयो ।रासस

# विपद् उद्धारसम्बन्धी विषय राख्न गृहमन्त्रीको निर्देशन



काठमाण्डु । गृहमन्त्री सुधन गुरुङले बालबालिकालाई सानै उमेरदेखि जीवनोपयोगी सीप विकास गराउने उद्देश्यले विद्यालय पाठ्यक्रममै विपद् उद्धारसम्बन्धी कार्यक्रम समावेशका लागि पहल गर्न निर्देशन दिनुभएको छ ।

सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालसँग मंगलबार भएको छलफलमा मन्त्री गुरुङले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग समन्वय गरी उक्त कार्यक्रम कार्यान्वयन गर्ने योजना ल्याउनुपर्ने बताउनुभएको हो । बालबालिकालाई प्राकृतिक विपद्का समयमा सुरक्षित रहने तरिका, प्राथमिक उद्धार सीप तथा सचेतनामूलक ज्ञान प्रदान गर्ने लक्ष्य मन्त्री गुरुङको रहेको छ ।

यस कार्यक्रममार्फत विद्यार्थीलाई व्यवहारिक ज्ञानसहित आपत्कालीन अवस्थाको सामना गर्न सक्षम बनाउने अपेक्षा गरिएको छ । रासस

# कांग्रेसले निर्वाचन समीक्षाका लागि सातै प्रदेशमा तोक्यो प्रतिनिधि

काठमाण्डु । नेपाली कांग्रेसले हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको समीक्षा तथा पार्टीको आगामी कार्यदिशाबारे छलफलका लागि प्रतिनिधि तोकेको छ ।

महामन्त्री प्रदीप पौडेलले मंगलबार एक विज्ञप्ति जारी गरी पार्टी केन्द्रीय कार्यसमितिको यही चैत १० र ११ गते सम्पन्न बैठकको निर्णयअनुसार छलफल कार्यक्रम सञ्चालन गर्न प्रतिनिधि तोकिएको जानकारी दिनुभयो ।सातै प्रदेशमा १६५ वटै प्रतिनिधिसभा निर्वाचन क्षेत्रका उम्मेदवारहरूसँग प्रत्यक्ष छलफल गर्दै समग्र निर्वाचन परिणाम, अनुभव र पार्टीको अबको बाटोका सन्दर्भमा समीक्षा गर्ने विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी, केन्द्रीय प्रतिनिधिको उपस्थितिमा प्रत्येक क्षेत्रमा स्थलगत अध्ययन तथा विश्लेषणसमेत गरिने जनाइएको छ । उक्त कार्यक्रमअन्तर्गत सम्बन्धित प्रदेशमा तोकिएका संयोजकको समन्वयमा केन्द्रीय कार्यसमितिका सदस्य, प्रदेश कार्यसमितिका पदाधिकारी, जिल्ला सभापति, प्रतिनिधिसभा तथा प्रदेशसभा क्षेत्रीय सभापति, प्रदेशसभा सदस्य तथा प्रतिनिधिसभाका प्रत्यक्ष र




समानुपातिक उम्मेदवारको सहभागिता रहनेछ । कार्यक्रमको व्यवस्थापन सम्बन्धित जिल्ला कार्यसमितिले गर्ने महामन्त्री पौडेलले उल्लेख गर्नुभयो ।

कार्यक्रमको तालिका अनुसार यही चैत २३ गते कोशी प्रदेशको विराटनगरमा हुने कार्यक्रमका लागि डा डिला सङ्ग्रौला पन्त, चैत २५ गते मधेस प्रदेशको जनकपुरमा हुने कार्यक्रमका लागि फरमूल्लाह मन्सुरलाई प्रतिनिधि तोकिएको छ । यसैगरी, वाग्मती प्रदेशको हेटौँडामा आगामी वैशाख ७ गते हुने कार्यक्रमका लागि बहादुरसिंह लामा, गण्डकी प्रदेशको पोखरामा यही चैत २७ गतेको कार्यक्रमका लागि देवराज चालिसे, लुम्बिनी प्रदेशको दाङमा चैत २९ गतेको कार्यक्रमका लागि योगेन्द्र चौधरीलाई प्रतिनिधि तोकिएको छ ।

यस्तै, कर्णाली प्रदेशको सुर्खेतमा आगामी वैशाख ३ गते हुने कार्यक्रमका लागि कर्णबहादुर बुढा र सुदूरपश्चिम प्रदेशको कैलालीमा वैशाख ५ गतेको कार्यक्रमका लागि प्रकाश रसाइली स्नेहीलाई प्रतिनिधि तोकिएको विज्ञप्तिमा जनाइएको छ ।कांग्रेसले यस कार्यक्रममार्फत निर्वाचन परिणामको समीक्षा गर्दै पार्टी सुदृढीकरण, सङ्गठन विस्तार तथा आगामी रणनीति तय गर्ने लक्ष्य राखेको जनाएको छ ।रासस


**Government of Madhesh Province**

**Ministry of Energy, Irrigation and Water Supply**

**Water Supply and Sanitation Division Office**

**Jaleshwor, Mahottari**

**Invitation for Bids (IFB)**

**Notice No:- 03/2082/83**

**Date of publication: 2082/12/18**

WSSDO, Mahottari invites electronic bids from eligible bidders for below mentioned works under National Competitive Bidding - Single Stage, Single Envelope bidding procedure. Bidding Documents can be downloaded from the PPMO E-Portal-www.bolpatra.gov.np/egp

| Contract No. | Description of Works | Estimate Amount (With Vat & PS ) NRs. | Bid Security Amount (NRs.) | Bid Document Price (NRs.) |
|---|---|---|---|---|
| WSSDO/ Mahottari/Goods/ NCB/27/082/83 | Supply and Delivery of HDPE Pipes For Kemlipur WSP,Dhanusha and Naktajhij WSP,Dhanusha. | 5481584.11 | 150000 | 3000 |
| WSSDO/ Mahottari/Works/ NCB/28/082/83 | Drilling & installation of 4" PVC Deep Tubewell-at Barah Bigha of Janakpur-9 and Manimandap of Janakpur-13, Dhanusha | 2876863.04 | 80000 | 3000 |
| WSSDO/ Mahottari/Works/ NCB/29/082/83 | Drilling and Installation works of 10"*8" Dia. Deep Tubewell at Pusbalpur WSP, Dhanusha | 5316233.58 | 140000 | 3000 |

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

यस कार्यालयबाट मिति २०८२/०९/०६ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार यस कार्यालयमा तपसिल उल्लेखित ठेक्का नं. का लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये निम्न बोलपत्रहरु मूल्यांकन समितिबाट न्यूनतम मुल्यांकित र सारभूत रूपमा प्रभावकारी भई स्वीकृतिको लागि छनोट र सिफारिस भई आएकोले सावजनिक खरिद ऐन २०६३ को दफा २७(२) र दफा ४७(१) प्रयोजनार्थ बोलपत्रदाताहरुको सूचनाका लागि यो सूचना प्रकाशित गरिएको छ।

| Contract No. | Description of Works | Substantially Responsive Lowest Evaluated Bidder's Name and address | Evalauated Bid Price with VAT and PS (NRs.) |
|---|---|---|---|
| WSSDO/ Mahottari/Works/ NCB/13/082/83 | Construction of Annex Building of Water Supply and Sanitation Division Office, Jaleshwar at Janakpur-14, Dhanusha | No Bidder Got Selected | |
| WSSDO/ Mahottari/Works/ NCB/21/082/83 | Drilling & installation of 4" PVC Deep Tubewell(5 No.) at different places of Dhanusha/Mahottari. | S.R.S.K Construction and Solution Pvt. Ltd., Kanepokhari-3, Morang | 2552579.68 |

**Division Chief**

# होर्मुज खुल्नुअघि नै युद्ध अन्त्यको सङ्केत



एएनआई

वासिङ्टन । मध्यपूर्वमा जारी तनावबीच डोनाल्ड ट्रम्प नेतृत्वको अमेरिकी प्रशासनले होर्मुज जलडमरूमध्य पूर्ण रूपमा नखुले पनि इरानविरुद्धको सैन्य अभियान अन्त्य गर्ने सङ्केत दिएको छ, जसले युद्धको दिशा कूटनीतिक मोडतर्फ मोडिन सक्ने देखिएको छ।

राष्ट्रपति ट्रम्पले आफ्ना सहयोगीहरूसँगको छलफलमा आगामी चारदेखि छ हप्ताभित्र इरानविरुद्धको सैन्य कारबाही अन्त्य गर्न तयार रहेको जनाउनुभएको बताइएको छ, यद्यपि होर्मुज जलडमरूमध्य अझै प्रभावकारी रूपमा अवरुद्ध रहने अवस्था कायम छ। यस्तो निर्णयले सो महत्त्वपूर्ण समुद्री मार्गमा इरानको प्रभाव विस्तार हुन सक्ने आकलन गरिएको छ।

उहाँले इरानको नौसैनिक र क्षेप्यास्त्र क्षमतामा उल्लेख्य क्षति पुर्‍याइसकेको दाबी गर्दै अब दीर्घकालीन समुद्री सैन्य अभियानमा नफस्ने सङ्केत गर्नुभयो । प्रशासनका अधिकारीहरूका अनुसार अमेरिका आफ्ना 'मुख्य' सैन्य लक्ष्यहरू पूरा गरिसकेपछि विजय घोषणा गर्दै बाहिरिन सक्ने विश्वास ट्रम्पमा रहेको छ ।ट्रम्पले होर्मुज बन्द हुनु मुख्यतः एसिया र युरोपका लागि समस्या भएको उल्लेख गर्दै उक्त जलमार्गबाट करिब ८४ प्रतिशत तेल एसियाली बजारतर्फ जाने तथ्य औँल्याउनुभयो । अमेरिका अब मध्यपूर्वीय ऊर्जामा निर्भर नरहेको धारणा उहाँले दोहोर्‍याउनुभयो ।

यद्यपि, जलडमरूमध्य अवरुद्ध रहँदा विश्व बजारमा असर देखिन थालेको छ । कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० डलर नाघिसकेको छ भने मललगायत आवश्यक वस्तुहरूको आपूर्ति प्रभावित हुने चिन्ता बढेको छ ।अमेरिकाले आवश्यक परे ट्याङ्करहरूको सुरक्षाका लागि एस्कर्ट व्यवस्था गर्ने वा बहुराष्ट्रिय पहलमार्फत जलमार्ग खुलाउने विकल्प खुला राखेको भए पनि ती तत्काल प्राथमिकतामा नरहेको जनाइएको छ।

युद्ध अन्त्यको सङ्केतसँगै अमेरिकी सैन्य उपस्थिति भने क्षेत्रमा घटेको छैन, बरु बढ्दो अवस्थामा रहेको छ । युएसएस त्रिपोली र ३१औँ मरीन एक्सपिडिशनरी युनिट क्षेत्रमै तैनाथ भइसकेका छन् भने ८२औँ एयरबोर्न डिभिजनसहित थप १० हजार सैनिक पठाउने विषयमा पनि विचार भइरहेको छ । यसले एकातिर युद्ध अन्त्यको सङ्केत र अर्कोतर्फ सैन्य सुदृढीकरणबीच विरोधाभास देखिएको छ।यसैबीच, ट्रम्पले जलडमरूमध्य नखुलाए इरानको नागरिक ऊर्जा संरचनामा आक्रमण गर्न सकिने चेतावनीसमेत दिनुभयो । उहाँले युद्धलाई 'सुन्दर प्रवास' र 'भ्रमण' जस्ता अभिव्यक्तिमा चित्रण गर्नुभएको उल्लेख गरिएको छ।

ह्वाइट हाउसले भने हालै केही तेल ट्याङ्करहरू होर्मुजमार्फत आवतजावत गर्न थालेको घटनालाई अमेरिका-इरानबीच जारी प्रत्यक्ष तथा अप्रत्यक्ष कूटनीतिक वार्ताको परिणामका रूपमा व्याख्या गरेको छ । ह्वाइट हाउसकी प्रेस सचिव क्यारोलिन लेविटले इरानले चयनात्मक रूपमा ट्याङ्करहरूलाई अनुमति दिएको भन्ने आरोप अस्वीकार गर्दै कूटनीतिक पहलकै कारण आवागमन सम्भव भएको बताउनुभयो ।उहाँका अनुसार सुरुमा १० वटा ट्याङ्करलाई अनुमति दिइएकोमा थप २० वटा ट्याङ्कर पनि आवागमनका लागि तयारी अवस्थामा छन्, जुन आगामी दिनमा देखिने अपेक्षा गरिएको छ। ट्रम्पको कूटनीतिक सक्रियताबिनाको अवस्थामा यस्तो प्रगति सम्भव नहुने उहाँले जोड दिनुभयो।

यसअघि ट्रम्पले इरानले 'सद्भावको सङ्केत' स्वरूप २० तेल ट्याङ्करलाई मार्ग प्रयोग गर्न अनुमति दिएको दाबी गर्नुभएको थियो । उहाँका अनुसार प्रारम्भमा १० र पछि थप १० ट्याङ्करलाई अनुमति दिइनु सकारात्मक सङ्केत हो ।उता, इरानले भने होर्मुज जलडमरूमध्य व्यवस्थापनसम्बन्धी योजना अघि बढाएको छ । इरानी संसद्को सुरक्षा समितिले जहाजहरूबाट टोल असुल गर्ने, सुरक्षा व्यवस्था कडा बनाउने तथा कानूनी ढाँचा निर्माण गर्ने प्रस्ताव अनुमोदन गरेको राज्य सञ्चारमाध्यमहरूले जनाएका छन्।

उक्त योजनामा विशेषगरी अमेरिका र इजरायलसँग सम्बन्धित जहाजहरूलाई प्रतिबन्ध लगाउने, इरानको सार्वभौम भूमिकालाई सुदृढ बनाउने तथा ओमानसँग सहकार्य गर्ने प्रावधान समेटिएको छ। साथै, इरानविरुद्ध प्रतिबन्धमा सहभागी मुलुकका जहाजहरूलाई पनि आवागमनमा रोक लगाउने व्यवस्था प्रस्ताव गरिएको छ।

हाल दोस्रो महिनामा प्रवेश गरेको इरान र अमेरिका-इजरायल गठबन्धनबीचको द्वन्द्वबीच आएको यो कदमले विश्वकै महत्त्वपूर्ण ऊर्जा मार्गमध्ये एकमा नियन्त्रण स्थापित गर्ने तेहरानको रणनीति स्पष्ट देखिएको छ।

## प्रधानमन्त्री कपः

# नेपाल पुलिस क्लब ६ विकेटले विजयी




वीरगञ्ज । प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गतको मंगलबारको खेलमा नेपाल पुलिस क्लबले कोशी प्रदेशलाई छ विकेटले पराजित गरेको छ।

मंगलबार वीरगञ्जको नारायणी रङ्गशालामा भएको खेलमा सुरुआती ब्याटिङ गरेको कोशी प्रदेशले ४२ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १६२ रन जोडेको थियो। कोशी प्रदेशका सुजन थपलियाले ४८ रन र सुमन श्रेष्ठले ४३ रन जोडेका थिए। नेपाल पुलिस क्लबका दिनेश खरेलले पाँच विकेट र सागर ढकालले दुई विकेट लिएका थिए।

जवाफी ब्याटिङमा उत्रिएको नेपाल पुलिस क्लबले ३३ दशमलव पाँच ओभरमा चार विकेटको क्षतिमा १६५ रन जोडेको थियो । नेपाल पुलिस क्लबको जितमा मोहम्मद आरिफ शेखले ८१ रन, रसिद खानको ७३ रन जोडेका थिए। कोशी प्रदेशका विपिनकुमार महतोले दुई विकेट र दीपेश कँडेलले एक विकेट लिएका थिए। आजको खेलमा नेपाल पुलिस क्लबका दिनेश खरेल 'म्यान अफ दी म्याद' घोषित भएका छन्।

प्रतियोगितामा तीन विभागीय टोली नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लब र सात प्रदेशका गरी १० टोलीको सहभागिता रहेको छ। प्रतियोगिताका विजेता टोलीले रु १० लाख र उपविजेताले पाँच लाख पुरस्कार प्राप्त गर्नेछन् ।रासस

# पाकिस्तानी क्रिकेटर नसीमलाई रेकर्ड जरिवाना



एएफपी

कराची । पाकिस्तान सुपर लिग (पिएसएल) सुरु भएको पहिलो सातामै विवादको शृंखला देखिएको छ, जसको केन्द्रमा फास्ट बलर नसीम शाह पर्नुभएको छ । सामाजिक सञ्जालमार्फत एक राजनीतिज्ञको आलोचना गरेपछि उहाँलाई ७१ हजार ५०० डलर जरिवाना गर्दै पाकिस्तान क्रिकेट इतिहासकै सबैभन्दा ठूलो आर्थिक दण्ड दिइएको छ।

नसीममाथिको कारबाहीले यस वर्षको पिएसएललाई थप तनावपूर्ण बनाएको छ, जहाँ अन्य खेलाडीहरू पनि विभिन्न अनुशासन उल्लङ्घनका कारण कारबाहीमा परेका छन् । फास्ट बलर शाहिन शाह अफ्रिदीलाई कडा सुरक्षा प्रोटोकल उल्लङ्घन गरेको भन्दै तीन हजार ५०० डलर जरिवाना गरिएको छ भने ब्याट्सम्यान फखर जमान बल टेम्परिङको आरोपमा अनुसन्धानको घेरामा पर्नुभएको छ।

नसीमले गत बिहीबार लाहोर कलन्दर्स र हैदराबाद किङ्समेनबीचको खेलअघि आयोजित उद्घाटन समारोहमा पञ्जाबकी मुख्यमन्त्री मरियम नवाजको उपस्थितिलाई लिएर सामाजिक सञ्जाल एक्समा कटाक्ष गर्नुभएको थियो। व्यापक रूपमा फैलिएको उक्त पोस्टमा उहाँले 'उहाँलाई किन लर्ड्समा रानीजस्तै व्यवहार गरिन्छ ?' भन्ने टिप्पणी गर्नुभएको थियो । उक्त पोस्ट तुरुन्तै हटाइए पनि त्यसले ठूलो विवाद निम्त्यायो।

पछि नसीमले आफ्नो सामाजिक सञ्जाल खाता ह्याक भएको दाबी गर्नुभएको थियो। तर पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) ले उक्त दाबी स्वीकार नगरी उहाँलाई तीन सदस्यीय अनुशासन समितिसमक्ष उपस्थित हुन निर्देशन दिएको थियो । रावलपिन्डीबाट खेल्ने नसीमले समितिसामु माफी माग्नुभएको भए पनि बोर्डले कडा निर्णय गर्दै रेकर्ड जरिवाना सुनाएको हो।

उता, शाहिन शाह अफ्रिदीमाथि पनि सुरक्षा नियम उल्लङ्घन गरेको आरोप लागेको छ। लाहोरस्थित टोली होटलमा उहाँले निर्धारित नियमविपरीत टोलीका सहकर्मी सिकन्दर राजाको कोठामा बाह्य आगन्तुकहरू लैजान खोज्नुभएको भन्दै कारबाही गरिएको बताइएको छ। पञ्जाब प्रहरीले अनुमति नदिएको अवस्थामै उक्त कार्य गरिएको आरोप छ।

यसै क्रममा फखर जमानमाथि बल टेम्परिङको गम्भीर आरोप लागेको छ । आइतबार कराची किङ्सविरुद्धको खेलमा अन्तिम ओभरमा भएको घटनापछि अम्पायरले बलको अवस्था परिवर्तन गरिएको ठहर गर्दै विपक्षी टोलीलाई पाँच पेनाल्टी रन दिएका थिए। त्यसअघि जितका लागि १४ रन आवश्यक रहेको अवस्थामा उक्त निर्णयपछि लक्ष्य घटेर नौ रनमा सीमित भएको थियो, जसले खेलको नतिजामा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ।

पिएसएलले सोमबार जारी गरेको वक्तव्यमा फखरमाथि खेलको सर्त उल्लङ्घन गरेको आरोप लगाइएको जनाएको छ, जसअनुसार बलको अवस्था परिवर्तन गर्ने कुनै पनि कार्य दण्डनीय मानिन्छ। यदि आरोप पुष्टि भएमा उहाँलाई एकदेखि दुई खेलसम्म प्रतिबन्ध लाग्न सक्ने सम्भावना रहेको छ।

यसपटकको पिएसएल इरानसँगको क्षेत्रीय तनावका कारण थप प्रभावित बनेको छ । इन्धन आपूर्तिमा चिन्ताका कारण खेलहरू दर्शकविना बन्द ढोकाभित्र सञ्चालन भइरहेका छन् भने प्रतियोगिता सामान्यतया हुने छ सहरको सट्टा दुई स्थानमा मात्र सीमित गरिएको छ। यस्तो अवस्थामा खेलसँगै विवाद पनि बढ्दै जाँदा लिगको छवि र सञ्चालन दुवै चुनौतीपूर्ण बन्दै गएको देखिन्छ।

# भारतमा विशाल जनगणना सुरु


एएफपी

नयाँदिल्ली। तीव्र रूपमा बढ्दो जनसङ्ख्या र स्रोत व्यवस्थापनको दबाबबीच भारतले बुधबारदेखि विश्वकै सबैभन्दा ठूलो जनगणना अभियान सुरु गर्ने तयारी गरेको छ। करिब ३० लाखभन्दा बढी कर्मचारी परिचालन गरिने यस अभ्यासलाई सरकारले 'राष्ट्रिय महत्त्वको विशाल अभियान' का रूपमा चित्रण गरेको छ, जसले समावेशी शासन र प्रमाणमा आधारित नीति निर्माणलाई मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ।

करिब एक अर्ब ४० करोड जनसङ्ख्या रहेको दक्षिण एसियाली मुलुक भारत अहिले आधारभूत आवश्यकताहरू–बिजुली, खाद्यान्न र आवास–व्यवस्थापनमा बढ्दो चुनौतीसँग जुधिरहेको छ। देशका ठूला महानगरहरू पानी अभाव, वायु तथा पानी प्रदूषण र अत्यधिक भीडभाडयुक्त बस्तीका समस्याले ग्रस्त छन्, जसले जनगणनाबाट प्राप्त हुने तथ्याङ्कको महत्त्व झन् बढाएको छ। फैलिएको जनगणना दुई चरणमा सञ्चालन गरिनेछ।

पहिलो चरण बुधबारदेखि सेप्टेम्बरसम्म चल्नेछ, जसमा घरधुरी, आवासको अवस्था र आधारभूत सुविधाहरूको विवरण सङ्कलन गरिनेछ। यस क्रममा घर-घरमै पुगेर तथ्याङ्क सङ्कलन गरिनेछ भने नागरिकलाई अनलाइनमार्फत स्व-गणना गर्ने विकल्प पनि दिइनेछ। स्याटेलाइट इमेजरीसँग जोडिएको डिजिटल नक्सा प्रणाली र १६ भाषामा उपलब्ध प्रविधिको प्रयोग गरिनेछ।

दोस्रो चरणमा भने जनसाङ्ख्यकीय, सामाजिक र आर्थिक अवस्थासँगै जातिसम्बन्धी विस्तृत विवरण सङ्कलन गरिनेछ। जाति अझै पनि भारतमा स्रोत, शिक्षा र अवसरको पहुँच निर्धारण गर्ने महत्त्वपूर्ण आधार भएकाले यसबाट प्राप्त तथ्याङ्कले नीति निर्माणमा गहिरो प्रभाव पार्ने अपेक्षा गरिएको छ ।देशका अधिकांश क्षेत्रमा वास्तविक जनगणना सन् २०२७ मार्च १



लाई सन्दर्भ मिति मानेर गरिनेछ। तर उच्च हिमाली क्षेत्रहरू–जम्मू-काश्मीरजस्ता स्थानहरू–मा कठोर मौसमका कारण यो प्रक्रिया अक्टोबर १, २०२६ अगावै सम्पन्न गरिनेछ।

कोभिड-१९ महामारीका कारण सन् २०२१ को जनगणना स्थगित भएपछि भारतले पछिल्लो पटक सन् २०११ मा मात्र यस्तो अभ्यास गरेको थियो, जसअनुसार त्यतिबेला जनसङ्ख्या एक अर्ब २१ करोड थियो। संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२३ सम्म आइपुग्दा भारत एक अर्ब ४२ करोडभन्दा बढी जनसङ्ख्यासहित विश्वकै सबैभन्दा बढी जनसङ्ख्या भएको देश बनेको छ ।यस्तो परिवेशमा सुरु हुन लागेको नयाँ जनगणनाले भारतको सामाजिक संरचना, आर्थिक अवस्था र भविष्यका नीतिगत प्राथमिकताहरू निर्धारण गर्ने महत्त्वपूर्ण आधार तयार गर्ने विश्वास गरिएको छ।

यसपटकको जनगणनामा सबैभन्दा संवेदनशील मानिएको 'जात' सम्बन्धी विवरण पनि समेटिनेछ। हिन्दू समाजमा हजारौँ वर्षदेखि कायम सामाजिक पदानुक्रमका आधारमा मानिसहरूको पेशा र सामाजिक स्थिति निर्धारण हुने भएकाले यस विषयलाई राजनीतिक रूपमा पनि जटिल मानिन्छ। सन् २०११ मा गरिएको जाति सर्वेक्षण सार्वजनिक नगरिएको इतिहास छ भने औपचारिक रूपमा विस्तृत जातीय तथ्याङ्क अन्तिम पटक सन् १९३१ मा ब्रिटिस शासनकालमा सङ्कलन गरिएको थियो।

लजिस्टिक हिसाबले पनि यो अभियान अत्यन्त चुनौतीपूर्ण रहनेछ। भारतले सन् २०२४ मा सम्पन्न गरेको आम चुनाव नै विश्वकै सबैभन्दा ठूलो लोकतान्त्रिक अभ्यास मानिएको थियो, जुन सात चरणमा छ हप्तासम्म चलेको थियो। त्यसभन्दा पनि व्यापक दायरामा

# श्रीलङ्कामा भ्रष्टाचार नियन्त्रणमा प्रविधिको प्रयोग



सिन्ह्वा

कोलम्बो। श्रीलङ्का सरकारले भ्रष्टाचारविरुद्धको प्रयासलाई अझ प्रभावकारी बनाउन सोमबार (३१ मार्च २०२६) बाट 'केन्द्रीकृत इलेक्ट्रोनिक सम्पत्ति घोषणा प्रणाली' सुरु गरेको छ । यस प्रणालीअन्तर्गत अब सरकारी अधिकारी, राज्य संस्थामा काम गर्ने कर्मचारी र कानुनले तोकेका अन्य व्यक्ति आफ्नो सम्पत्ति र दायित्वको विवरण अनलाइन मार्फत पेश गर्न बाध्य छन् । यसअघि सम्पत्ति घोषणा कागजातमा भरेर आयोगमा बुझाउनुपर्ने व्यवस्था थियो, तर नयाँ प्रणालीले डिजिटल माध्यमको प्रयोग गरेर सम्पूर्ण प्रक्रिया छिटो, पारदर्शी र निगरानीयोग्य बनाएको छ।

उक्त कदम २०२३ मा पारित भएको भ्रष्टाचारविरुद्धको ऐन अनुसार लागू गरिएको हो, जसले सम्पत्ति र दायित्व विवरणको लागि एक केन्द्रीकृत डेटाबेसको स्थापना गर्न व्यवस्था गरेको छ। यसले केवल दर्ता प्रक्रिया सजिलो मात्र बनाउँदैन, बरु वित्तीय हितसंघर्षको पहिचान, गलत प्रयोग रोकथाम र सार्वजनिक निगरानी पनि मजबुत बनाउँछ। यस प्रणालीले व्यक्तिगत सम्पत्तिका विवरणहरू आयोगको डेटाबेसमा सुरक्षित राख्नेछ र आवश्यक परेमा सार्वजनिक रूपमा पहुँच योग्य बनाइनेछ।

श्रीलङ्कामा सम्पत्ति घोषणा कानुनको इतिहास लामो छ । सन् १९७५ मा लागू भएको सम्पत्ति र दायित्व घोषणा कानून अनुसार केही सरकारी अधिकारीहरूलाई मात्र आफ्नो वित्तीय विवरण बुझाउनुपर्ने प्रावधान थियो। १९८८ मा यसलाई संशोधन गरेर दायरा विस्तार गरिएको थियो। नयाँ ऐनले अब अझ बढी अधिकारी र कर्मचारीलाई यस प्रक्रियामा समावेश गरेको छ, जसले भ्रष्टाचार नियन्त्रण र पारदर्शिता सुनिश्चित गर्न मद्दत पुर्‍याउँछ।

अधिकारीहरूले आयोगको अनलाइन पोर्टलमार्फत आफ्नो सम्पत्ति विवरण पेश गर्नेछन् । प्रणाली स्वचालित रूपमा जानकारीको जाँच र व्यवस्थापन गर्नेछ, जसले मानव त्रुटि कम गर्छ र छिटो रिपोर्टिङ सम्भव बनाउँछ। साथै, आयोगले आवश्यक जानकारी सार्वजनिक गर्न र निगरानी बढाउन कटौती गरिएको विवरण उपलब्ध गराउनेछ । यसले जनताले सरकारी अधिकारीहरूको वित्तीय गतिविधि निगरानी गर्न सजिलो बनाउनेछ।

# जापानद्वारा लामो दूरी मिसाइल तैनाथ



एपी

टोकियो । क्षेत्रीय सुरक्षा चुनौती बढ्दै गइरहेका बेला जापानले पहिलोपटक लामो दूरीको मिसाइल तैनाथ गर्दै आफ्नो रक्षा रणनीतिमा महत्त्वपूर्ण मोड ल्याएको छ । अधिकारीहरूका अनुसार दक्षिणपश्चिमी क्षेत्रमा अवस्थित कुमामोटो प्रान्तको क्याम्प केङ्गुनमा अपग्रेड गरिएको टाइप-१२ ल्यान्ड-टु-शिप मिसाइल सञ्चालनमा ल्याइएको हो, जसले देशको आक्रामक क्षमतामा उल्लेखनीय विस्तार गरेको सङ्केत दिएको छ।

जापानको मित्सुबिशी हेभी इन्डस्ट्रिजद्वारा विकसित उक्त मिसाइलको दायरा करिब एक हजार किलोमिटर पुगेको छ । यो यसको पुरानो २०० किलोमिटर क्षमताभन्दा निकै ठूलो विस्तार हो । यसले जापानलाई टाढाबाटै सम्भावित शत्रुका सैन्य आधारमा प्रहार गर्न सक्ने 'स्ट्यान्डअफ' क्षमता प्रदान गरेको छ। यस्तो क्षमता जापानले दशकौँदेखि पालन गर्दै आएको आत्मरक्षा-केन्द्रित सुरक्षा नीतिमा परिवर्तनको सङ्केतका रूपमा हेरिएको छ।

रक्षामन्त्री सिन्जिरो कोइजुमीले वर्तमान सुरक्षा वातावरणलाई 'युद्धपछिको सबैभन्दा जटिल र गम्भीर' भन्दै यस्तो क्षमता देशको प्रतिरोध शक्ति र प्रतिक्रिया क्षमताका लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभयो । उहाँका अनुसार यसले जापानको आत्मरक्षाप्रतिको दृढता पनि झल्काउँछ ।तर यस कदमले स्थानीयस्तरमा चिन्ता पनि बढाएको छ । क्याम्प केङ्गुन नजिकै बसोबास गर्ने बासिन्दाहरूले मिसाइल तैनाथीको विरोध गर्दै प्रदर्शन गरेका छन् । उनीहरूले यस्तो कदमले क्षेत्रीय तनाव चर्काउने र आफ्नो क्षेत्र सम्भावित आक्रमणको लक्ष्य बन्न सक्ने जोखिम बढाउने बताएका छन्।

जापानले केवल एक स्थानमा मात्र नभइ, आगामी वर्षहरूमा देशका विभिन्न भागमा यस्ता हतियार प्रणाली विस्तार गर्ने योजना बनाएको छ । मङ्गलबार नै सिजुओका प्रान्तको क्याम्प फुजीमा टापु रक्षा लक्षित हाइपरसोनिक ग्लाइड वाहन पनि तैनाथ गरिएको छ । सन् २०२८ मार्चसम्म होक्काइडोदेखि मियाजाकीसम्म विभिन्न स्थानमा अपग्रेड गरिएको टाइप-१२ मिसाइल र अन्य आधुनिक प्रणालीहरू विस्तार गर्ने तयारी गरिएको छ।

यसैबीच जापानले अमेरिकी निर्माणका टोमहाक क्रूज मिसाइलहरू पनि आफ्नो नौसैनिक क्षमतामा समावेश गर्ने योजना अघि बढाएको छ । यस वर्षको अन्त्यसम्म जापानी विध्वंसक जेएस चोकाईमा एक हजार ६०० किलोमिटर दायराका ती मिसाइलहरू तैनाथ गरिनेछ भने पछि थप सात विध्वंसकमा पनि विस्तार गरिने लक्ष्य राखिएको छ ।जापानले चीनलाई आफ्नो प्रमुख क्षेत्रीय सुरक्षा चुनौतीका रूपमा लिँदै आएको छ। पछिल्ला वर्षहरूमा पूर्वी चीन सागर नजिकका दक्षिणपश्चिमी टापुहरूमा सैन्य संरचना मजबुत बनाइएको छ। गत जुनमा चीनका दुई विमानवाहक जहाजहरू जापानका दुर्गम टापु नजिकै एकैपटक सञ्चालनमा देखिएपछि टोकियोको चिन्ता अझ बढेको थियो।

प्रधानमन्त्री साने ताकाइची नेतृत्वको सरकारले आगामी आर्थिक वर्षका लागि ९० खर्ब येनभन्दा बढीको रक्षा बजेट स्वीकृत गरिसकेको छ, जसले स्ट्राइक ब्याक क्षमता, क्रूज मिसाइल र मानव रहित हतियार प्रणालीमार्फत तटीय सुरक्षालाई सुदृढ बनाउने लक्ष्य राखेको छ ।यसै क्रममा चीनको प्रशान्त क्षेत्रमा बढ्दो गतिविधि अध्ययन गर्न नयाँ कार्यालय स्थापना गर्ने घोषणा पनि गरिएको छ । ताइवानसँग सम्बन्धित सम्भावित सङ्कटको अवस्थामा जापानले आफ्नो सुरक्षा प्रतिक्रिया देखाउन सक्ने सङ्केत दिँदा क्षेत्रीय वातावरणमा सतर्कता र चिन्ता बढेको देखिन्छ।

# भोजपुर-बेहेर नागबेली सडकको दृश्यले पर्यटकलाई आकर्षित गर्दै

भोजपुर । भोजपुर सदरमुकामबाटकोटडाँडाहुँदैपिखुवा खोला किनारको बेहेरे दोभानसम्म झर्ने नागबेली आकारको सडक यतिबेला आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको छ ।





हरियालीले ढाकिएको पहाडको काखैभरि सर्प बाङ्गोटिङ्गो रूपमा तल झर्दै गएको यो सडकको दृश्यले जो कोहीलाई पनि सहजै आकर्षित गर्ने गर्दछ ।भोजपुर नगरपालिका-१२ मा पर्ने यो सडक करिब १३ किलोमिटर लामो रहेको छ । उकालो-ओरालोमा दर्जनौँ घुम्ती पार गर्दै निर्माण गरिएको यो मार्गले दुर्गम बस्तीलाई सदरमुकामसँग जोड्नुका साथै यहाँको जनजीवनमा ठूलो परिवर्तन ल्याएको स्थानीय बताउँछन् ।

पहिले घण्टौँ पैदल हिँड्नुपर्ने ठाउँमा अहिले सवारीसाधन पुग्न थालेपछि स्थानीयवासीको दैनिकी सहज बनेको छ । यो सडक भोजपुरलाई दक्षिणी क्षेत्रसँग जोडेको छ । यस सडकको सबैभन्दा विशेषता भनेकै यसको नागबेली आकृति हो । माथिबाट हेर्दा लामो सर्पजस्तै घुमाउरो देखिने यो सडक दृश्यले फोटोग्राफी तथा भिडियो खिच्न रुचाउनेका लागि आकर्षणको केन्द्र बनेको छ । पछिल्लो समय सामाजिक सञ्जालमा यस्ता तस्बिर तथा भिडियो व्यापक रूपमा साझा हुन थालेपछि यहाँ घुम्न आउने आन्तरिक पर्यटकको सङ्ख्यासमेत बढेको स्थानीयको भनाइ छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस क्षेत्र वरिपरि फैलिएको हरियाली वन, डाँडाकाँडा र तल बगिरहेको पिखुवा खोलाको मनोरम दृश्यले यात्रालाई अझ रमणीय बनाउने गर्दछ । बिहानको कुहिरो र साँझपखको सुनौलो घामले सडकलाई झन आकर्षक बनाउने भएकाले यहाँ पुग्ने पर्यटकले समय मिलाएर दृश्यावलोकन गर्ने गरेका छन् ।स्थानीयका अनुसार यो सडकले कृषि उत्पादन बजारसम्म पुर्‍याउन सहजता ल्याएको छ । आलु, मकै, अदुवा, फलफूललगायत कृषिउपज ढुवानीमा सहज भएपछि किसानलाई प्रत्यक्ष लाभ पुगेको छ । साथै, सडक सञ्चालनमा आएपछि यहाँको व्यापार-व्यवसाय पनि विस्तार हुन थालेको छ ।

सडक छेउमा विश्रामस्थल, दृश्यावलोकन स्थल (भ्यू प्वाइन्ट) निर्माण, सूचना बोर्ड जडान गरिएमा यात्रु तथा पर्यटकलाई सहजता हुने स्थानीयको भनाइ छ । आवश्यक पूर्वाधार विकास र प्रभावकारी प्रचार गर्न सकिएमा भोजपुर-बेहेरे सडक केबल यातायात मार्गमा सीमित नरही प्राकृतिक सौन्दर्य अवलोकनका लागि देशकै एक आकर्षक गन्तव्यका रूपमा स्थापित हुनसक्ने स्थानीय जानकारहरुले बताउने गरेका छन् ।रासस

# पर्यटकीयस्थल सुन्दहसम्बन्धी वृतचित्र सार्वजनिक



काठमाण्डु । पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेको प्रसिद्ध पर्यटकीयस्थल सुन्दहको प्रवर्द्धन गर्ने उद्देश्यले निर्माण गरिएको वृतचित्रको 'प्रिमियर' गरिएको छ । उक्त गाउँपालिका र नेपाल पर्यटन बोर्डको सहकार्यमा मंगलबार वृतचित्रको 'प्रिमियर' गरिएको हो । कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुन्दहलाई अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्दै विशेष गन्तव्यका रूपमा विकास गरिनुपर्ने बताउनुभयो । उहाँले त्यहाँको विकासका लागि पूर्वाधार निर्माण, प्रभावकारी प्रचारप्रसार र समन्वयात्मक पहल आवश्यक रहेकामा जोड दिनुभयो ।

अध्यक्ष दाहालले भन्नुभयो, "वृतचित्रमा सुन्दहको वास्तविक सौन्दर्यलाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । अब संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड र स्थानीय तहबीच सहकार्य बढाएर सुन्दहको प्रवर्द्धनलाई थप व्यवस्थित बनाउँदै लैजानुपर्छ ।"उहाँले आगामी बजेटमार्फत पुराना योजनालाई निरन्तरता दिने र रुकुम पूर्वका पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि बजेट व्यवस्थापन गर्न पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

लुम्बिनी प्रदेशसभा सदस्य दिलकुमारी बुढाले सुनदह पर्यटन प्रवर्द्धनमा आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो । पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलियाले सुनदहलाई विशिष्ट भौगोलिक विशेषता बोकेको गन्तव्यका रुपमा चर्चा गर्नुभयो । उहाँले सुन्दहसहित रुकुम पूर्वका पर्यटकीय गन्तव्यको 'ब्रान्डिङ' गर्नुपर्नेसमेत बताउनुभयो । गाउँपालिका अध्यक्ष पुनिराज घर्तीले सुनदहमा अपार पर्यटकीय सम्भावना रहेको उल्लेख गर्दै यसको प्रवर्द्धनका लागि सबै पक्षबाट सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँले सांस्कृतिक रूपमा पनि समृद्ध रहेको गाउँपालिकाको विकासका लागि एकीकृत रूपमा पर्यटन विकास अगाडि बढाइने बताउनुभयो ।

पुथा उत्तरगङ्गा गाउँपालिका-३ का वडाध्यक्ष बमबहादुर बुढाले यस क्षेत्रको पर्यटन विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले २८ मिनेटको वृतचित्रले सुन्दहलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटन बजारमा स्थापित गर्ने विश्वास व्यक्त गर्नुभयो ।समुद्री सतहबाट चार हजार ४३५ मिटर उचाइमा रहेको सुन्दह प्राकृतिक, जैविक तथा सांस्कृतिक दृष्टिले अत्यन्तै महत्वपूर्णस्थलका रूपमा चिनिन्छ । रासस

# नेपाललाई विश्वको ललितकलाको केन्द्र बनाउन सकिनेतर्फ सरकारको ध्यानाकर्षण

गण्डकी । 'विश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियान' ले नेपाललाई विश्वको ललितकलाको केन्द्र बनाउन सकिने भन्दै सोका लागि सरकारको ध्यानाकर्षण गराएको छ । महाअभियानका तर्फबाट प्राज्ञ नगेनसिंह ठकुरीले कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मामार्फत प्रधानमन्त्रीलाई आगामी आव २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा समेटिनुपर्ने विषयसहित ध्यानाकर्षण गराउनुभएको हो ।



नौबुँदे ध्यानाकर्षणपत्रमा नेपाली कला र वास्तुकलालाई विश्वभर चिनाउन अरनिकोको जस्तै स्वर्णयुग बनाउन सकिने उल्लेख गरिएको छ । हरेक सरकारी विद्यालयमा अनिवार्य ललितकलाको कला गुरु राख्नुपर्ने, विभिन्न स्रोतमार्फत उठेको करबाट निश्चित प्रतिशत ललितकलामा लगाउनुपर्ने, हरेक सरकारी कार्यालयमा अनिवार्य एक कलाकृति राखिनुपर्ने ध्यानाकर्षण पत्रमा भनिएको छ ।

नेपालका कलाकारका कलाकृति बैंकमा धितो राखेर ऋण सुविधा उपलब्ध गराउनुपर्ने, नेपाल ललितकला विकास बोर्डको स्थापना गर्नुपर्ने, ललितकला पर्यटनलाई प्रोत्साहन दिनुपर्ने, विज्ञापन बोर्डमा कलाकारको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने भनिएको छ ।अन्तराष्ट्रियस्तरको कला पुरस्कारको व्यवस्था र छुट्टै ललितकला विश्वविद्यालयको स्थापना गरिनुपर्ने, नेपाल प्रेस काउन्सिलबाट वर्गीकृत 'क' श्रेणीका पत्रिकामा अनिवार्य एक पृष्ठ ललितकलाका लागि छुट्याउनुपर्ने, नेपालको संविधानमा ललितकलालाई राज्यको एक अङ्गका रूपमा उल्लेख गर्नुपर्ने ध्यानाकर्षणपत्रमा उल्लेख छ ।

सरकारले अघि सारेका १०० बुँदे कार्यसूचीले मुलुकमा सुशासन र समृद्धिको नयाँ आशा जगाएको र कलाकारको विकासले देशको सांस्कृतिक पहिचान उच्च बनाउनुका साथै पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा पुग्ने भन्दै ध्यानाकर्षणपत्रमार्फत ध्यानाकर्षण गराइएको महाअभियानका प्राज्ञ ठकुरीले जानकारी दिनुभयो । वर्तमान प्रधानमन्त्रीका पालामा नेपालले विश्वमा ललितकला डायमण्ड युगको देश भई हाम्रा सन्ततिले गर्व गर्नसक्ने विश्वाससमेत व्यक्त गरिएको छ ।

ध्यानाकर्षणपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी शर्माले कलाकारहरूले देशको संस्कृति, पहिचान, पर्यटन, उद्योग र अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउनुभएको उल्लेख गर्नुभयो । सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले नेपाल आफैँ कला-संस्कृतिको धनी देश भएको बताउँदै सुझावसहितको ध्यानाकर्षणपत्र प्रधानमन्त्रीसमक्ष पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस


# नेप्से परिसूचकमा दोहोरो अङ्कको सुधार

काठमाण्डु । यो साता कारोबारको सुरुआती दुई दिन उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार भने दोहोरो अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक १९ दशमलव ७० अङ्कले बढेर दुई हजार ८५१ दशमलव ०९ को विन्दुमा कायम भएको हो । ३३९ कम्पनीको दुई करोड ७९ लाख ४२ हजार ७७९ कित्ता शेयर एक लाख ३७ हजार ८५७ पटक खरिद-बिक्री हुँदा ११ अर्ब ११ करोड २४ लाख १८ हजार ८०६ रुपैयाँ बराबरको कारोबार भएको छ ।

मंगलबारको कारोबारमा म्युचुअल फन्ड शून्य दशमलव ० ९ र अन्य समूह शून्य दशमलव ५५ अङ्कले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ । बैङ्किङ शून्य दशमलव ७६, विकास बैङ्क शून्य दशमलव ९०, वित्त एक दशमलव १२, होटल तथा पर्यटन एक, जलविद्युत् शून्य दशमलव ७५ र लगानी समूह शून्य दशमलव ५६ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बिमा शून्य दशमलव ५२, उत्पादन तथा प्रशोधन एक दशमलव ९४, लघुवित्त शून्य दशमलव ५१, निर्जीवन बिमा शून्य दशमलव ७६ र व्यापार समूह शून्य दशमलव ७४ प्रतिशतले बढेको छ ।

मंगलबारको कारोबारमा रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, भुजुङ हाइड्रोपावर लिमिटेड, सुपर खुदी हाइड्रोपावर लिमिटेड, रिजलाइन इनर्जी लिमिटेड र होटल फरेस्ट इन लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सप्तकोशी डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्य आठ दशमलव ९६ प्रतिशतले घटेको छ ।कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै रिदी पावर कम्पनी लिमिटेडको ४८ करोड ४८ लाख ४६ हजार ४३३ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने मंगलबार सबैभन्दा धेरै कुमारी बैङ्क लिमिटेडको १५ लाख ६० हजार ६१ कित्ता शेयर खरिद-बिक्री भएको छ ।रासस

# विद्युत् सेवा पुनः सञ्चालन



रसुवा । चट्याङका कारण अवरुद्ध बनेको यहाँको विद्युत् सेवा पुनः सुचारु भएको छ । गत शनिबार अपराह्न परेको चट्याङले जिल्लाका विभिन्न क्षेत्रमा जडान गरिएका 'ट्रान्सफर्मर' उपकरणमा क्षति पुगेको थियो ।

क्षति भएका उपकरण तत्काल प्रतिस्थापन गरी सेवा पुनः सञ्चालनमा ल्याइएको नेपाल विद्युत् प्राधिकरण शाखाले जनाएको छ । प्राधिकरणका प्राविधिक प्रमुख कुमार घलेका अनुसार चट्याङबाट चारवटा ट्रान्सफर्मर क्षति पुर्‍याएको थियो । मौज्दात नयाँ ट्रान्सफर्मर जडान गरेपछि विद्युत् आपूर्ति सुरु गरिएको हो ।

चट्याङबाट उत्तरगया गाउँपालिकाको माझगाउँ, गोसाइँकुण्ड गाउँपालिकाअन्तर्गत धुन्चेको साप्चे, आमा छोदिङ्मो गाउँपालिकाको बहुङडाँडा गोल्जुङ र पुरानो तातोपानी क्षेत्रका ट्रान्सफर्मरमा क्षति पुगेको थियो ।ट्रान्सफर्मरमा क्षति पुग्दा धुन्चेमा समेत विद्युत सेवामा समस्या देखिएको थियो । जिल्लामा विद्युत् उपभोग गर्ने करिब १० हजार ६०० ग्राहक रहेको प्राधिकरणले जनाएको छ । रासस

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय मलंगवा, सर्लाहीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/१२/१८ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०६/२७ गते सोमबारको राष्ट्रिय लोकतन्त्र दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८३/०१/०३ गते बिहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, मलंगवा, सर्लाहीमा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी:** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा, सर्लाहीमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०६/१६/०१ मा प्रा.फ.र.नं. ५९३१/०७३/०७४ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व कार्यालय, जनकपुर धनुषाबाट मिति २०७३/०६/१८ (मू.अ.क. दर्ता मिति २०७३/०६/१८)मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५१८५०५० को प्रमाणपत्र प्राप्त **सिद्धि बिनायक प्लाईउड उद्योग** ।

**फर्मको ठेगाना :** सर्लाही जिल्ला, मलगंवा न.पा., वडा नं. ८ ।

**प्रोप्राईटर तथा जमानतकर्ता : बिनोद कुमार कलवार**
(ना.प्र.नं. १०७७१२८९, जारी मिति २०५८/०४/०२, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही), स्थाई ठेगाना : सर्लाही जिल्ला ईश्वरपुर न.पा. वडा नं. ११ (साविक बेला गा.वि.स. वडा नं. ७) । हालको ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८,
बाबु : राम नाथ प्रसाद । बाजे : हरिहर प्रसाद ।

**जमानतकर्ता : किरण जयसवाल**
(ना.प्र.नं. १९-०१-७४-०४७७८, जारी मिति २०७४।०४।३१, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) । ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८ । बाबु : बिश्वनाथ चौधरी ।
पति : बिनोद कुमार कलवार ।
ससुरा : राम नाथ प्रसाद ।

**जमानतकर्ता : अविनाश कुमार कलवार**
(ना.प्र.नं. १९-०१-७७-२२९६१,
जारी मिति २०७७/१२/२०,
जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।
ठेगाना : सर्लाही जिल्ला मलगंवा न.पा. वडा नं. ८ ।
बाबु : बिनोद कुमार कलवार ।
बाजे : राम नाथ प्रसाद ।

**ख. लिलाम बिक्री हुने धितो सम्पत्तिको विवरण :**
१. **बिनोद कुमार कलवार**को नाममा मालपोत कार्यालय सर्लाही मलगंवामा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला विष्णुपुर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९क स्थित कित्ता नं. १६८५, क्षेत्रफल ०-१०-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.... १
२. ऋणी सिद्धि बिनायक प्लाईउड उद्योगको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .......१

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ र शाखा कार्यालय मलंगवा, सर्लाहीबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ तथा शाखा कार्यालय मलंगवा सर्लाहीमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

## गुठी तैनाथी पोखरी/जग्गा बहालमा लगाउने सम्बन्धी बोलपत्र आव्हनको १५ दिने सार्वजनिक सूचना

**दोश्रो पटक प्रकाशित मिति : २०८२/१२/१७ गते**

गुठी संस्थानको पूर्ण स्वामीत्वमा रहेको गुठी तैनाथी पोखरी/जग्गा तपसिलका पोखरी/जग्गा जे जस्तो अवस्थामा छ सोही आवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट ५ (पाँच) बर्षको लागी बहालमा ब्यवस्था गर्नु पर्ने भएकोले निम्न बमोजिमको पोखरी/जग्गाको सार्वजानिक सुचना प्रकाशीत गरिएको छ । विस्तुत विवरण यस कार्यालयको सूचना पाटी वा गुठी संस्थानको वेबसाइटमा समेत हेर्न सकिन्छ ।
**www.guthisansthan.org.np**

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. न.पा. | वडा नं. | कि.नं. | क्षे.फ. | न्यूनतम मूल्याङ्कन एकशाला |
|---|---|---|---|---|---|---|
| १. | महोत्तरी | मटिहानी | ७ | १०२ | २-१०-१६१/२ जग्गा | ४० मन धान जग्गा |
| २. | महोत्तरी | मटिहानी | ७ | ११० | ०-१७-१७१/२ पोखरी | १६५०००।- एक लाख पैसठ्ठी हजार मात्र |
| ३. | महोत्तरी | रामगोपालपुर | २ख | ४५ | ०-१७-९ पोखरी | ४१०००।- एकचालिस हजार मात्र |

**गुठी संस्थान शाखा कार्यालय महोत्तरी, जलेश्वर**
**सम्पर्क नम्बरः– ०४४–५२००७४**

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/१२/१८ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">ऋणीको नाम, ठेगाना</th></tr>
<tr><td rowspan="5">१.</td><td colspan="2">नाम : दिपेश शाह<br>ना.प्र.नं. १६१०६१/६०३, जि.प्र.का. सप्तरी, जारी मिति : २०६९/०५/२०<br>बाबुको नाम : सुरेन्द्र प्रसाद साह, बाजेको नाम : मोहन लाल साह<br>ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८, हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १</td></tr>
<tr><td colspan="2">जमानतकर्ताको विवरण</td></tr>
<tr><td>१. नाम : प्रभा कुमारी साह<br>ना.प्र.नं. ८४४, जि.प्र.का. सिरहा<br>जारी मिति : २०४४/१०/२८<br>पतिको नाम : सुरेन्द्र प्रसाद साह<br>ससुराको नाम : मोहन लाल साह<br>ठेगाना : सिरहा जिल्ला, रामनगर गा.वि.स. वडा नं. २<br>हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १</td><td>२. नाम : रुपेश साह<br>ना.प्र.नं. १६१०६१/५११, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६८/०८/०२<br>बाबुको नाम : सुरेन्द्र प्रसाद साह<br>बाजेको नाम : मोहन लाल साह<br>ठेगाना : सप्तरी जिल्ला, रायपुर गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, रुपनी गा.पा. वडा नं. १</td></tr>
<tr><td colspan="2">धितोको विवरण</td></tr>
<tr><td colspan="2">प्रभा कुमारी शाह, दिपेश शाह र रुपेश साहको नाममा मालपोत कार्यालय राजबिराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, खोक्सर प्रवाहा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ९१५ को क्षेत्रफल ०-१-८.३-० (बिगाहा) भएको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।</td></tr>
<tr><td></td><td>ऋणीको नाम, ठेगाना</td><td>जमानतकर्ताको विवरण</td></tr>
<tr><td>२.</td><td>नाम : प्रकाश कुमार मण्डल<br>ना.प्र.नं. १६-०१-६९-०१३१२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६१/०७/२३<br>बाबुको नाम : शिव नारायण मण्डल<br>बाजेको नाम : कामेश्वर मण्डल<br>ठेगाना : सप्तरी जिल्ला, छिन्नमस्ता (सखडा) गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, छिन्नमस्ता गा.पा. वडा नं. २</td><td>नाम : शिव नारायण मण्डल<br>ना.प्र.नं. ४९९३, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४६/११/१३,<br>बाबुको नाम : कामेश्वर मण्डल<br>बाजेको नाम : सुनर गुल्स्ता मण्डल<br>ठेगाना : सप्तरी जिल्ला, छिन्नमस्ता गा.वि.स. वडा नं. ८<br>हाल : सप्तरी जिल्ला, छिन्नमस्ता गा.पा. वडा नं. २</td></tr>
</table>

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# आर्थिक गणनामा समन्वय आवश्यक



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले दोस्रो आर्थिक गणना २०८२ लाई प्रभावकारी र व्यवस्थित रूपमा सम्पन्न गर्न जिल्लास्तरीय समन्वय अपरिहार्य रहेको बताएका छन् ।

जिल्ला स्तरिय समन्वय समितिको अन्तर्क्रिया बैठकमा बोल्दै प्रजिअ यादवले आर्थिक गणनाले देशको समग्र अर्थतन्त्रको वास्तविक चित्र प्रस्तुत गर्ने भएकाले यस कार्यमा सबै सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको भने ।

उनले भने 'आर्थिक गणना तथ्यांक सङ्कलनको काम मात्र नभई आगामी नीति तथा योजना निर्माणको आधार हो ।'

उनले गणना प्रक्रियालाई निष्पक्ष, पारदर्शी र विश्वसनीय बनाउन स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित कार्यालयहरूबीच समन्वय र सहकार्य अझ सुदृढ गर्नुपर्नेमा जोड दिए । गणनामा खटिने जनशक्तिलाई आवश्यक सहयोग र सहज वातावरण उपलब्ध गराउन प्रशासन प्रतिबद्ध रहेको उनले बताए ।

कार्यक्रममा विभिन्न सरकारी कार्यालयका प्रमुख, स्थानीय तहका प्रतिनिधि तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सहभागीहरूले आर्थिक गणनालाई सफल बनाउन आवश्यक सुझाव तथा अनुभवहरू समेत साझा गरेका थिए ।

दोस्रो आर्थिक गणना २०८२ मार्फत देशभरका आर्थिक गतिविधिहरूको यथार्थ विवरण संकलन गरिने विश्वास गरिएको छ । यसले दीर्घकालीन विकास योजना निर्माणमा महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिइएको छ ।

# प्रदेशका मन्त्रालय घटाइने

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको "सुशासन मार्गचित्र-२०८२" ले प्रत्येक प्रदेशमा मन्त्रालयको संख्या अधिकतम ७ वटामा सीमित गर्न स्पष्ट सिफारिस गरेको हो ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रशासनिक खर्च नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यसहित प्रदेशमा मन्त्रालयहरुको संख्या घटाउने विषय पुनः एक पटक चर्चामा आएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तयार पारेको 'सुशासन मार्गचित्र-२०८२' ले प्रत्येक प्रदेशमा मन्त्रालयको संख्या अधिकतम ७ वटामा सीमित गर्न स्पष्ट सिफारिस गरेको हो ।

प्रधानमन्त्री कार्यालयका सचिव गोविन्दबहादुर कार्कीको नेतृत्वमा तयार पारिएको उक्त प्रतिवेदनले संविधानको मर्म, कार्यबोझको यथार्थ विश्लेषण तथा प्रशासनिक दक्षताको आधारमा मन्त्रालय संख्या घटाउनुपर्नेमा जोड दिएका छन् ।

प्रतिवेदनमा आवश्यक कानुनी व्यवस्था गरी मन्त्रालयको संरचना पुनर्संरचना गर्नुपर्ने उल्लेख गरिएको छ । यसअघि पनि विभिन्न अध्ययन तथा समितिहरूले प्रदेशमा मन्त्रालय संख्या ७ मा सीमित गर्न सुझाव दिएका थिए ।

२०७४ को आम निर्वाचनअघि राज्यव्यवस्था समितिले गराएको अध्ययन तथा काशीराज दाहालको नेतृत्वमा गठित संघीय प्रशासनिक पुनर्संरचना कार्यान्वयन समितिले संघमा १५ र प्रदेशमा ७ मन्त्रालय उपयुक्त हुने निष्कर्ष निकालेको थियो ।

त्यस्तै, तत्कालीन मुख्य सचिव सोमलाल सुवेदीको नेतृत्वमा बनेको समितिले पनि



सोही सिफारिस दोहोऱ्याएको थियो । संघीयता कार्यान्वयनपछि २०७४ मा गठन भएका प्रारम्भिक प्रदेश सरकारहरूले ७ वटामै मन्त्रालय सीमित गरेका थिए । तर, २०७७ पछि राजनीतिक अस्थिरता र दलगत समीकरण परिवर्तनसँगै मन्त्रालयको संख्या विस्तार हुने क्रम सुरु भएको थियो ।

हाल कोशी प्रदेशमा ९ वटा, मधेश प्रदेशमा मुख्यमन्त्री कार्यालयसहित ११ वटा, बागमती प्रदेशमा १४ वटा, लुम्बिनी प्रदेशमा ११ वटा, गण्डकी प्रदेशमा ८ वटा, कर्णालीमा ७ वटा र सुदुरपश्चिम प्रदेशमा ७ वटा मन्त्रालय रहेको छ ।

नेपालको संविधानले प्रदेश मन्त्रिपरिषद् गठनका लागि मन्त्री संख्या प्रदेशसभा सदस्यको कुल संख्याको २० प्रतिशतभन्दा बढी नहुने व्यवस्था गरेको छ । तर, मन्त्रालयको संख्या भने स्पष्ट रूपमा तोकिएको छैन । यही संवैधानिक 'स्पेस' प्रयोग गर्दै राजनीतिक दलहरूले मन्त्रालय विस्तार गर्दै आएका छन् ।

सरकारको पछिल्लो सिफारिसले भने प्रदेश संरचना पुनरावलोकन र खर्च नियन्त्रणबारे बहसलाई पुनः तातो बनाएको छ । अब यसलाई कानुनी तथा नीतिगत रूपमा कसरी अघि बढाइन्छ भन्नेमा सबैको ध्यान केन्द्रित भएको छ ।

मन्त्रालय र मन्त्री संख्या बढेसँगै राज्यको आर्थिक दायित्व पनि बढ्दै गएको छ । मन्त्री, सल्लाहकार, कर्मचारी संरचना तथा प्रशासनिक खर्चले प्रदेशको सीमित स्रोतमा थप दबाब सिर्जना गरिरहेको देखेर पटक पटक मन्त्रालय संख्या घटाउने सिफारिस गरिँदै आएको हो ।

# मन्दिरमा संचालित क्लिनिक हटाउन माग



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम ८ दशरथ मन्दिर अतिक्रमण गरी त्यसमा संचालनमा भइरहेको स्वास्थ्य क्लिनिक खाली गराउन माग गरिएको छ ।

रामायण सर्किट फाउन्डेशनले जिल्ला प्रशासन कार्यालय धनुषामा मन्दिर क्षेत्र व्यवसायिक प्रयोजनमा हुन नदिन त्यसमा अवैध संचालित स्वास्थ्य क्लिनिक तत्काल खाली गराउन भन्दै दशरथ सरोवरमा गरिएको माछा पालन ठेक्का तुरुन्त रोक्न माग गरेको छ ।

फाउन्डेशनका अध्यक्ष जय प्रकाश साह (पप्पु) र महासचिव दिपेन्द्र कुमार मिश्र (बिरु) द्वारा हस्ताक्षरित निवेदनमा उल्लेख भएअनुसार पौराणिक कालदेखि नै भगवान रामका पिता दशरथसँग सम्बन्धित मानिने उक्त स्थल ऐतिहासिक र धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण रहेको छ ।

जनक राजाले स्वागतस्वरूप निर्माण गराएको भनिने दशरथ तलाव र त्यसको पश्चिम-उत्तर कुनामा रहेको मन्दिर अहिले अतिक्रमणको चपेटामा परेको गुनासो गरिएको छ । निवेदनमा मन्दिरको उत्तरतर्फ संरचनालाई असर पर्ने गरी सञ्चालनमा रहेको 'संकट मोचन बाल क्लिनिक' नामक अस्पताललाई अवैध बताउँदै त्यसलाई हटाउन माग गरिएको छ ।

हुनत क्लिनिक संचालकले आफूले कुनै अवैध रुपमा होइन जग्गा लिजमा भाडा लिई संचालन गर्दै दाबी गर्दै आइरहेका छन् । सो मन्दिर मठिहानीस्थित लक्ष्मीनारायण मन्दिर अन्तर्गत रहेको छ ।

साथै, पवित्र मानिने दशरथ सरोवरमा माछा पालनका लागि दिइएको ठेक्काले धार्मिक आस्थामाथि चोट पुगेको भन्दै सो कार्य पनि रोक्न प्रशासनसँग आग्रह गरिएको छ । फाउन्डेशनले उक्त क्षेत्रलाई पूर्ण रूपमा अतिक्रमणमुक्त गरी ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराएको छ ।

# फरार प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सवारी ज्यान मुद्दामा फरार रहेका एक जना प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा प्रतिवादी जिल्लाको कञ्चनरूप नगरपालिका-३ बरमझियाका ३० वर्षीय त्रिभुवन सदा रहेको प्रहरीले जनाएको छ ।

नायब उपरीक्षक डम्बरबहादुर पुरीक अनुसार २०८१ पुस २९ गते कञ्चनरूप नगरपालिका-६ स्थित पौडा खोलाअन्तर्गत कञ्चनपुर-फत्तेपुर सडकखण्डमा मोटरसाइकल र ट्र्याक्टर एकापसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

सो दुर्घटनामा डाक्नेश्वरी नगरपालिका-२ हरिरहा टोलका अन्दाजी २१ वर्षीय सुदिपकुमार चौधरीले चलाएको प्र.२-०१-११३ प.७७८८ नम्बरको मोटरसाइकललाई विपरीत दिशाबाट आएको को १ त ८७९४ नम्बरको ट्याक्टरले ठक्कर दिएको थियो ।

सो दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक चौधरीलाई उपचारका लागि भारत बिहारको दरभंगा स्थित एक अस्पतालमा लगिएकोमा २०८१ चैत २ गते उपचारकै क्रममा मृत्यु भएको प्रनाउ पुरीले जानकारी दिए । घटनापछि फरार रहेका ट्याक्टर चालक त्रिभुवन सदालाई



सोमबार पक्राउ गरी सवारी ज्यान मुद्दामा थप अनुसन्धानका लागि पाँच दिनको म्याद थप गरिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक पुरीले जानकारी दिए ।

यसैक्रममा जेनजी आन्दोलनका क्रममा भदौ २४ गते कारागार कार्यालय रौतहटबाट फरार भएका दुईजना कैदीबन्दी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा गौर नगरपालिका-३, रौतहटका २४ वर्षीय अफताब अन्सारी र दुर्गाभगवती गाउँपालिका-५, वडहर्वा,रौतहटका २९ वर्षीय दिपेश साह सोनार रहेको जनाइएको छ ।

अन्सारीलाई रौतहट प्रहरीले र सोनारलाई सर्लाही प्रहरीले पक्राउ गरेको हो। विशेष सूचनाका आधारमा गौर-३, पोखरिया टोलबाट चोरी मुद्दाका दोषी अन्सारीलाई प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक विष्णु प्रदीप बस्यालले जानकारी दिएका छन् ।

अन्सारीलाई नियन्त्रणमा लिई कारागार कार्यालय पठाइएको उहाँले बताउनुभयो । त्यस्तै, जबरजस्ती करणी मुद्दाका दोषी सोनारलाई इलाका प्रहरी कार्यालय केशरगन्जको टोलीले ईश्वरपुर नगरपालिका-६, बयलबासबाट सोमबार साँझ नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

सोनारलाई जिल्ला कारागार कार्यालय सर्लाहीको जिम्मा लगाइने उहाँले बताउनुभयो ।कारागार कार्यालय रौतहटबाट अझै १२३ जना कैदीबन्दी फरार रहेको कारागार कार्यालय रौतहटका प्रमुख प्रदीप पौडेलले जानकारी दिएका छन् ।

# मन्त्री सुमनलाई यादवको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका श्रम तथा यातायात मन्त्री मनीष सुमनलाई जनता समाजवादी पार्टी (जसपा) नेपालका भातृ संगठन समाजवादी युवा संघका प्रदेश अध्यक्ष कमलेश यादवले चेतावनी दिएका छन् ।

यातायात कार्यालयमा लामो समयदेखि भइरहेको चरम



भ्रष्टाचार र दलालतन्त्र अन्त्य गर्न मन्त्री स्वयंले तुरुन्त कदम नचाले, हामी आफै हस्तक्षेप गर्ने चेतावनी दिएका हुन् । यादवले सार्वजनिक रूपमा चेतावनी दिँदै भनेका छन्, "तपाईं आफ्नो मन्त्रालय अन्तर्गत भइरहेको बेथिति नियन्त्रण गर्न तत्काल एक्शनमा आउनुहोस्, अन्यथा हामी आफैं हस्तक्षेप गर्न बाध्य हुनेछौं ।"

उनका अनुसार यातायात कार्यालयमा सेवाग्राहीहरू दिनहुँ हैरानी खेप्न बाध्य छन् भने बिचौलियाको सक्रियताले सेवा प्रणाली नै प्रभावित बनेको छ ।

युवा संघले भ्रष्टाचारविरुद्ध कडा आन्दोलनको तयारीसमेत गरिरहेको संकेत दिँदै सम्बन्धित निकायलाई जिम्मेवार बन्न आग्रह गरेको छ ।

# युवती कुटपिट गर्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम स्थित एक डान्स बारमा कार्यरत युवतीहरूले यौनकार्य गर्न अस्वीकार गर्दा सामूहिक कुटपिट गर्ने दुई जना पक्राउ परेका छन् ।

घटनामा संलग्न आरोपमा पक्राउ परेका बारका ती दुई कर्मचारीविरुद्ध मानव बेचबिखन तथा ओसारपोसारसम्बन्धी मुद्दा अघि बढाइएको धनुषा प्रहरीले जनाएको छ ।

जनकपुरधामउपमहानगरपालिका १४ मुजेलियास्थित मुख्य सडक छेउमा रहेको 'ब्ल्याक एण्ड ह्वाइट डान्स बार क्लब' मा चैतको पहिलो साता उक्त घटनाका पीडित चार जना युवतीले यौनजन्य कार्यमा आफूहरु संलग्न नहुँदा अमानवीय व्यवहार र कुटपिट गरिएको भनी प्रहरीमा उजुरी दिएकी थिइन ।

पीडित युवतीहरूको निवेदनका आधारमा बारका लेखापाल सञ्जयकुमार यादव र कर्मचारी काशिन्द्र महतोलाई पक्राउ र उनीहरूमाथि मानव बेचबिखन तथा ओसारपोसारको अभियोगमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी गणेशबहादुर बमले जानकारी दिएका छन् ।

पीडितका अनुसार उनीहरू 'वेट्रेस'को रूपमा काम गर्न भन्दै बारमा भर्ना भएका थिए । तर,



केही समयदेखि व्यवस्थापन पक्षले ग्राहकसँग जबरजस्ती शारीरिक सम्बन्ध राख्न दबाब दिँदै आएको थियो ।

चैत ३ गते सोही विषयमा विवाद भएपछि युवतीहरूले यौनकार्य गर्न अस्वीकार गर्दै प्रतिकार गरेका थिए । त्यसलगत्तै उनीहरूलाई एउटा कोठामा थुनेर लात्ती, मुक्का र पाइपले सामूहिक रुपमै निर्घात कुटपिट गरिएको उजुरीमा भनिएको छ ।

एक पीडित युवतीले भनिन्, 'हामी काम गरेर गुजारा चलाउन आएका थियौं । तर, यहाँ हामीलाई जबरजस्ती यौन दासीजस्तो व्यवहार गरियो ।'

पीडितहरूले कुटपिटपछि आफूहरूलाई बाहिर निस्कन नदिइएको, मोबाइल फोनसमेत खोसिएको र मानसिक दबाबमा राखिएको बताएका छन् । साथै, काम गरेबापतको ज्याला र टिप्ससमेत नदिइएको उनीहरूको गुनासो गरेकी छिन् ।

यसैबीच पीडित युवतीहरूले आइतबार औपचारिक रूपमा मानव बेचबिखन तथा ओसारपोसारको जाहेरी दिएपछि धनुषा जिल्ला अदालतले पक्राउ परेकामाथि अनुसन्धानका लागि म्याद थप गरेको छ ।

प्रवक्ता बमका अनुसार हाल पीडितहरूलाई सुरक्षित स्थानमा राखेर उपचार तथा कानूनी परामर्श प्रदान गर्ने व्यवस्था मिलाइएको छ । घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजीसमेत भइरहेको छ ।

नेपालको मानव बेचबिखन तथा ओसारपोसार (नियन्त्रण) ऐन, २०६४ अनुसार यस्तो अपराधमा संलग्न व्यक्तिलाई १० देखि २० वर्षसम्म कैद सजाय र ५० हजारदेखि ५ लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था छ ।

# कार्य सम्पादन प्रतिवेदन पेश



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभा अन्तर्गत रहेको प्रदेश मामिला समितिले आफ्नो वार्षिक कार्यसम्पादन सम्बन्धी प्रतिवेदन सभामुख समक्ष पेश गरेको छ ।

एक वर्षको अवधिमा समितिले गरेका गतिविधि, अनुगमन, अध्ययन तथा सिफारिसहरू समेटिएको प्रतिवेदन औपचारिक रूपमा सभामुख रामअशिष यादवलाई बुझाएको हो ।

प्रतिवेदनमा प्रदेशभित्रका विभिन्न निकायहरूको कार्यसम्पादन, कानुन कार्यान्वयनको अवस्था, सेवा प्रवाहमा देखिएका समस्या तथा सुधारका लागि आवश्यक सुझावहरू समावेश गरिएको समितिले जनाएको छ ।

साथै समितिले जनप्रतिनिधिहरूको भूमिकालाई अझ प्रभावकारी बनाउन र प्रदेश शासन प्रणालीलाई सुदृढ बनाउन विशेष जोड दिएको छ । समितिका सभापति रत्नेश्वर गोइत यादवले प्रतिवेदनले प्रदेश सरकारका काम कारबाहीलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरिएको जनाएका छन् ।

उनले समितिले उठाएका विषयहरूलाई कार्यान्वयनमा ल्याउन सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराइएको पनि जानकारी दिए ।

यसैबीच, सभामुख यादवले समितिको सक्रियताप्रति धन्यवाद व्यक्त गर्दै प्रतिवेदनमा समेटिएका सुझावहरूलाई गम्भीरतापूर्वक अध्ययन गरी कार्यान्वयनतर्फ अग्रसर हुन सरकारलाई निर्देशन दिने बताए । उनले यस्ता प्रतिवेदनहरूले प्रदेशको सुशासन र विकास प्रक्रियालाई मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे ।

# समनपुरमा प्रहरीको नयाँ भवन

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गढिमाई नगरपालिका-१, समनपुर बजारमा रहेको इलाका प्रहरी कार्यालयले ५४ वर्षपछि नयाँ भवन पाएको भएको छ। लामो समयदेखि जिर्ण अवस्थामा रहेको भवनलाई प्रतिस्थापन गर्दै अब आधुनिक संरचना निर्माण सुरु गरिएको हो ।

इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यको पहलमा गढिमाई नगरपालिकाका मेयर श्यामप्रसाद यादवले ५१ लाख रुपैयाँ विनियोजन गरेपछि भवन निर्माण कार्यले गति लिएको हो । स्थानीय तहको लगानीमा निर्माण सुरु हुनु आफैंमा एउटा सकारात्मक उदाहरणका रूपमा हेरिएको छ ।

एक कार्यक्रमबीच वडा नं. १ का अध्यक्ष दिपेन्द्र श्रेष्ठ र वडा २ का अध्यक्ष रामपुकार यादवले हिन्दु परम्परा अनुसार पूजा-पाठ गर्दै ८ कोठे भवनको शिलान्यास गरेका थिए। निर्माण सम्पन्न भएपछि प्रहरीलाई बसोबास र सेवा प्रवाहमा सहजता आउने विश्वास गरिएको छ ।

डीएसपी आचार्यका अनुसार भवन निर्माण यसै आर्थिक वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यसअघि २०२९ सालमा तत्कालीन प्रहरी महानिरीक्षक खडगजित बरालले उद्घाटन गरेको पुरानो भवन अत्यन्त जिर्ण भइसकेको थियो।



छत चुहिने, भित्ताहरू चर्किने जस्ता समस्याका बीच प्रहरीले जोखिमपूर्ण अवस्थामा सेवा दिँदै आएको थियो ।

प्रजातन्त्र स्थापनापछि जिल्लाका अधिकांश प्रहरी कार्यालयहरू केन्द्र सरकारको बजेटमा निर्माण भइसके पनि समनपुर र कटहरियाका भवन भने जग्गा विवादका कारण पछि परेका थिए। कटहरियामा स्थानीय सहयोगमा अस्थायी भवन बने पनि समनपुरमा भने अवस्था झन् जटिल बन्दै गएको थियो ।

प्रहरी बसोबासमै जोखिम बढ्दै गएपछि डीएसपी आचार्यले नगरप्रमुखसँग पहल गर्दै बजेट व्यवस्थापन गराएका हुन् । "नागरिकको सुरक्षामा खटिने प्रहरी स्वयं असुरक्षित अवस्थामा बस्न बाध्य हुनुहुँदैन," उनले भनेका छन ।

नगरपालिकाको लगानीमा सुरु भएको यो निर्माणले अब समनपुर क्षेत्रको सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ। साथै, स्थानीय सरकार र सुरक्षाकर्मीबीचको सहकार्यको यो उदाहरणले अन्य स्थानलाई पनि प्रेरित गर्ने विश्वास लिइएको छ ।

# चैत २१ देखि सिमरा क्रिकेट कप

**टुडे समाचारदाता**

बारा । बाराको सिमरामा आयोजना हुँदै आएको जीतपुर सिमरा क्रिकेट कपको तेस्रो संस्करण यसवर्ष चैत २१ गतेदेखि संचालन हुने भएको छ ।

नेपाल प्रिमियर लिग (एनपीएल) अन्तर्गतको फ्रेन्चाइज टोली जनकपुर बोल्टसले




प्रतियोगितासँग सहकार्य गरेपछि प्रतियोगिताले नयाँ उचाइ लिने अपेक्षा गरिएको छ ।

जीतपुरसिमरा स्पोर्ट्स क्लबद्वारा आयोजना हुने सो प्रतियोगितामा जनकपुर बोल्टसले खेलाडीहरुलाई जर्सी तथा भेष्ट उपलब्ध गराउने भएको छ । प्रतियोगिता बारे जानकारी दिने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा जनकपुर बोल्ट्सका संस्थापक उत्सव सिग्देलकाका पिता :महेश सिग्देलले जर्सी हस्तान्तरण गर्दै नेपालको क्रिकेट विकासमा आफूहरू प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा बोल्दै महेश सिग्देलले क्रिकेटले राष्ट्रिय एकता र पहिचान मजबुत बनाउने उल्लेख गर्दै भविष्यमा प्रतियोगितालाई अझ व्यवस्थित र प्रभावकारी बनाउन निरन्तर सहयोग रहने बताए । उनले स्थानीय तहले आवश्यक जग्गा उपलब्ध गराए रंगशाला निर्माणमा समेत सहयोग गर्ने घोषणा गरे ।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगरपालिकाका उपप्रमुख भोला प्रसाद अधिकारीले निजी क्षेत्रबाट आएको सहयोगले खेलकुद विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे । साथै मैदान व्यवस्थापन र क्रिकेट पूर्वाधारका विषयमा आवश्यक निर्णय लिने प्रतिबद्धता जनाउँनुभयो ।क्लबका अध्यक्ष सोमलाल बम्जनले प्रतियोगितालाई सफल बनाउन सबै क्षेत्रको सहकार्य आवश्यक रहेको बताए ।

प्रतियोगितामा आयोजकसहित बारा, पर्सा, सर्लाही, मकवानपुर र चितवनका टोलीहरूको सहभागिता रहनेछ । यस वर्ष पुरस्कार राशी पनि वृद्धि गरिएको छ । विजेताले दुई लाख रुपैयाँ र उपविजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् । उत्कृष्ट खेलाडीलाई १० हजार रुपैयाँ तथा उत्कृष्ट ब्याटर र बलरलाई जनही पाँच हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८